का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ असोज २०८०,

शनिबार

14 October 2023,

Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



रोजगारीका लागि भारतको विभिन्न शहर पुगेका नेपालीहरु दशैं मनाउन नेपालगञ्जस्थित जमुनाह नाकाबाट घर फर्कदै । तस्वीरः भेषराज बस्नेत, रासस

# एमालेको ‘जाल’मा कोशी सत्ता

कोशीबाट एमालेले सत्तारोहणलाई बलियो बनाउने प्रयास गरेको छ । केदार कार्की मुख्यमन्त्री भए एमाले समेतको सहभागितामा सरकार बन्छ । सत्ता गठबन्धन एक नरहेको सन्देश प्रवाह भइसकेको छ । मुख्यमन्त्रीमा दुवैको दाबी नपुगे हिक्मतकुमार कार्की नेतृत्वको सरकार चुनावी सरकारको रुपमा परिणत हुन्छ । एमाले नेतृत्वको सरकारले मध्यावधि चुनाव गराउँछ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असोज

कोशी प्रदेशको मुख्यमन्त्रीमा दाबी गरेकाहरुको दाबीको परीक्षण हुने भएको छ । प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्रीमा दाबीका लागि शुक्रबार ५ बजेसम्मका लागि समय तोकेका थिए । नेपाली कांग्रेसका केदार कार्की र माओवादी केन्द्रका इन्द्रबहादुर आङ्बोले बिहीबार नै दाबी पेश गरेका थिए ।

मुख्यमन्त्रीमा दुई जनाले दाबी पेश गरेपछि प्रदेश प्रमुखको कार्यालयले शनिबार सांसदको सनाखत गर्ने तयारी गरेको हो । मुख्यमन्त्री नियुक्तिका लागि दबाब दिन शुक्रबार कांग्रेसका ८ र एमालेका ३९ जना सांसद प्रदेश प्रमुखको कार्यालयमा पुगेका थिए ।

यसक्रममा मुख्यमन्त्रीका दाबेदार कार्की र समर्थक नेकपा एमाले संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई बोलाएर प्रदेश प्रमुख खापुङले शनिबार दिउँसो १ बजे सनाखत गर्ने समय प्रस्ताव गरेका थिए ।

मुख्यमन्त्रीका दाबेदार कार्कीले शुक्रबार हस्ताक्षर सनाखत गर्न आग्रह गरेका थिए ।

प्रदेश प्रमुख खापुङको सो प्रस्ताव सुरुमा नमानेका नेताहरू शनिबार दिउँसो २ बजेसम्म हस्ताक्षर सनाखत गर्न तयार भएको एमाले कोशी प्रदेशका प्रमुख सचेतक रेवतीरमण भण्डारीले जानकारी दिए ।

>>> पृष्ठ २ मा

## तरंगित कांग्रेस शेखर अडानमै

कोशीमा कांग्रेस फुटिहालेको अवस्था होइन । केहीले असन्तुष्टि जाहेर गरिराख्नुभएको छ । सबै असन्तुष्टि विभाजनमा जान्छन् भन्ने छैन ।



**मीन विश्वकर्मा**
**कांग्रेसका प्रचार विभाग प्रमुख**

कोशी प्रदेश सरकार गठनको सन्दर्भमा भएको पछिल्लो घटनाले कांग्रेस तरंगित भएको छ ।

माओवादी नेतृत्वमा सरकार बनाउने पार्टी सभापति शेरबहादुर देउवाले गरेको निर्णय कार्यान्वयन नभएको अवस्थालाई कसरी समाधान गर्ने भन्नेमा नेताहरु अनौपचारिक छलफलमा छन् ।

देउवाले पार्टीको पदाधिकारी बैठक पनि बोलाएका थिए । शेखर कोइराला सहभागी नभएपछि उक्त बैठक बिना निष्कर्ष टुंगियो । कोशी प्रदेश सरकारको सन्दर्भलाई लिएर कांग्रेसमा उत्पन्न

>>> पृष्ठ २ मा

# संसदीय अनुसन्धानको घेरामा टेरामक्स

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ असोज



टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) संसदीय अनुसन्धानको घेरामा परेको छ । सरकार र सम्बद्ध निकायलाई परियोजना सम्बन्धी सम्पूर्ण कागजात सात दिनभित्र समितिलाई बुझाउन प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ ।

सार्वजनिक लेखा समितिको शुक्रबार बसेको बैठकले दूरसञ्चार प्राधिकरणलाई सात दिनभित्र टेरामक्स परियोजनासम्बन्धी सबै कागजात समितिलाई बुझाउन निर्देशन दिएको हो ।

लेखा समिति सभापति ऋषिकेश पोखरेलले टेरामक्स प्रविधि खरिद प्रक्रियाका सम्बन्धमा विस्तृत अध्ययन गर्नुपर्ने भएको भन्दै यो प्रविधि खरिद प्रक्रियाको प्रारम्भदेखि अहिलेसम्मका कागज एवं निर्णयका विषयमा भएका गतिविधि सात दिनभित्र समितिमा बुझाउन दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएका हुन् ।

उनले निजी दूरसञ्चार सेवा प्रदायक संस्थानहरुलाई सेवा सञ्चालन अनुमति लाइसेन्समध्ये बन्द भइसकेको टेलिकमको लाइसेन्स बिक्रीको कार्य गैरकानूनी तवरबाट प्रक्रिया अगाडि बढेको भन्दै कम्पनीले तिर्नुपर्ने दायित्व भुक्तानी नगरी सकेकाले स्मार्ट टेलिकमको लाइसेन्स बिक्री कार्यलाई स्थगित राखी यस सम्बन्धमा भएका निर्णयका कागजात समितिमा उपलब्ध गराउन पनि निर्देशन दिए ।

उनले नेपालमा रहेका दूरसञ्चार सेवा प्रदायकहरुबाट राज्यलाई बुझाउन बाँकी रहेको कुनै पनि राजश्व तीन महिनाभित्र असुल गर्न पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्राधिकरण र सम्बन्धित निकायलाई निर्देशन दिए । उनले निर्धारित समयभित्र राजस्व नबुझाउने सेवा प्रदायकलाई कानुनबमोजिम कारबाही गरी त्यसको जानकारी समितिलाई गराउन पनि समितिले निर्देशन दिए । उनले ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गत कार्यान्वयनमा रहेका परियोजनाहरुको कार्यप्रगति सुस्त रहेको निष्कर्ष समितिले निकालेको छ । सूचना महामार्गमा अप्टिकल फाइबर विछ्याउने कार्यले गति नलिएकाले सो कार्यलाई शीघ्र अगाडि बढाउन समितिको बैठकले प्राधिकरणलाई निर्देशन दिने उल्लेख छ ।

> सरकारी अधिकारीहरुका अनुसार अन्तर्राष्ट्रियस्तरमा कल बाइपास गर्न लागाएर टेलिकम कम्पनीहरुले राजस्व छल्ने गरेका छन् । थोरै समयको सेवा दिएर धेरै समयको सेवा शुल्क काट्ने गरेका छन् । यसलाई रोक्न टेरामक्स प्रभावकारी हुने सरकारको दाबी छ ।

उनले प्रतिष्पर्धाका कारण विश्वबजारको दूरसञ्चार सेवाको मूल्य घट्ने क्रममा रहेको तर, नेपालको सम्बन्धमा मूल्य न्यूनीकरणको उपाय नखोजिएको बताए । उनले दूरसञ्चार सेवामा न्यूनतम मूल्यमा गुणस्तरीय सेवा उपलब्ध गराउनेतर्फ यथोचित पहल गर्न र गराउन पनि समितिले प्राधिकरणलाई निर्देशन दिए ।

टेरामक्स टेलिकम्यूनिकेसन्स ट्राफिक मनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम हो । यसले टेलिकम कम्पनीहरुले दिने सेवामाथि गहनरुपमा निगरानी गर्छ । खासगरी, टेलिकम कम्पनीहरुमा विदेशबाट आउने अनाधिकृत फोन कल बाइपासमाथि पूर्णरुपमा निगरानी राख्छ । यो प्रविधिले राष्ट्रिय र अन्तर्राष्ट्रिय भ्वाइस डाटा ट्राफिक भोल्यूमको परीक्षण समेत गर्नेछ । यस्तै, कल रेकर्ड (सीडीआर) विश्लेषण गर्नेछ र यसबाट फ्रड पत्ता लाग्नुका साथै भ्वाइस ट्राफिकको अवस्थाबारे जाँच्नेछ ।

सरकारी अधिकारीहरुका अनुसार यो प्रविधिले विदेश र स्वदेशबाटै अनाधिकृतरुपमा हुने कल बाइपासको निरीक्षण गर्दछ । टेलिकम कम्पनीहरुले दिने सेवाको गुणस्तरको परीक्षण समेत टेरामक्स प्रविधिले गर्ने दूरसञ्चार प्राधिकरणले जनाएको छ ।

अन्तर्राष्ट्रियस्तरमा कल बाइपास गर्न लागाएर टेलिकम कम्पनीहरुले राजस्व छल्ने गरेका छन् । थोरै समयको सेवा दिएर धेरै समयको सेवा शुल्क काट्नुका साथै एउटा गुणस्तरको सेवा दिने भनेर लिएको शुल्कमा गुणस्तरहीन सेवा प्रदान गर्ने गरेका छन् । यही गल्ती र सेवा दिए बापत उठेको रकमबाट सरकारलाई बुझाउनुपर्ने रोयल्टी र दस्तुरको वास्तविक अवस्थाका बारेमा समेत टेरामक्सले जानकारी दिन्छ ।

यद्यपि, नेपालमा पछिल्लो समय टेलिकम कम्पनीहरुको आम्दानी घटिरहेको छ । सामाजिक सञ्जाल प्रयोगकर्ता बढेसँगै म्यासेन्जर, भाइबर र ह्वाट्एपमार्फत हुने फोन आवागमनका कारणले समस्या आइरहेको टेलिकम कम्पनीहरु बताउँछन् । यस विषयलाई समेत मध्यनजर गर्दै टेरामक्स जडान गर्न लागिएको सरकारी अधिकारीहरुको तर्क छ । तर, संसदीय समितिले खरिद पक्रियाको सम्बन्धमा चासो देखाएको छ ।

## वैदेशिक रोजगार विशेष

# इजरायलमा कार्यरत केयर गिभरलाई सुरक्षा दिन सरकारलाई सांसदहरुको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज



प्रतिनिधि सभाको शुक्रबारको बैठकमा सांसदहरुले इजरायलमा भएको आतंकवादी आक्रमणका कारण त्रासमा बसेका नेपालीलाई उद्धार गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधि सभाको शून्य समयमा सांसद विमला सुवेदीले इजरायलमा भएको आतंकवादी हमलापछि स्वेदश फर्कन चाहने २ सय ५४ जनालाई पहिलो खेपमा उद्धार गरिएकोमा त्यसको स्वागत गर्दै स्वदेश फर्कन चाहने सबै नेपालीलाई ल्याउन सरकारसँग आग्रह गरिन् ।

सांसद रघुजी पन्तले इजरायलमा मारिएका व्यक्तिका पारिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्दै सम्पर्कविहीन भएका एक जनाको खोजी गर्नका लागि कूटनीतिक सक्रियता बढाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद मनिष झाले इजरायलबाट केही नेपालीलाई ल्याइएकोमा त्यसको स्वागत गर्दै स्वदेश आउन चाहने सबैलाई ल्याउन सरकारसँग आग्रह गरे । सांसद रमा कोइराला पौडेलले इजरायलमा धेरै महिला सुसारे भएर गएकाले घर फर्कन चाहने उनीहरूलाई पनि फर्काउनुपर्नेमा जोड दिइन् ।

यसैबीच हमासले हानेको ग्रिनेड टिपेर उतै फालिदिएका नेपाली विद्यार्थी विपिन जोशी हाल सम्पर्कविहीन छन् । इजरायलबाट नेपाल उद्धार गरिएका नेपाली विद्यार्थी

>>> पृष्ठ २ मा

## राहुल महरा थुनामा



**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असोज

सुन तस्करीको आरोपमा पक्राउ परेका राहुल महरालाई पुपक्ष थुनामा पठाउन आदेश भएको छ । जिल्ला अदालत काठमाडौंले शुक्रबार थुनछेक बहसपछि महरालाई थुनामा पठाउन आदेश दिएको हो ।

जिल्ला अदालत काठमाडौंका स्रेस्तेदार रामु शर्माका अनुसार न्यायाधीश डण्डपाणी शर्माको इजलासले घटनामा उनी संलग्न रहेको प्रारम्भिक निष्कर्ष निकाल्दै थुनामा पठाउनुपर्ने आदेश गरेको हो ।

>>> पृष्ठ २ मा

# किराना पसलबाटै औषधि बिक्री

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २६ भदौ



गुल्मीको इस्मा गाउँपालिकामा चाडपर्व लक्षित बजार अनुगमन शुरु भएको छ । गाउँपालिका उपाध्यक्ष पार्वती कुवंरको नेतृत्वमा बिहीबारदेखि बजार अनुगमन शुरु गरिएको हो । अनुगमनमा म्याद गुज्रिएका र केही पसलहरुमा औषधिदेखि इलेक्ट्रोनिक सामग्री समेत भेटिएका छन् । गाउँपालिकाको वडा नम्बर ५ मा रहेको मदन सीमा स्टोर्समा विभिन्न बिक्रीवितरणका लागि औषधि र इलेक्ट्रोनिक सामग्री राखिएको गाउँपालिकाका अनुगमन समितिका सदस्य जयपाल विकले बताए । उनले बजार अनुगमनमा अत्यधिक मात्रमा म्याद गुज्रिएको कुनै पसलमा मूल्य सूची नै नराखेको, साइनबोर्ड नराखिएको लगायत समस्या देखिएको उनले बताए । उनले म्याद गुज्रिएका सामग्रीहरु जफत समेत गरिएको बताए ।

गाउँपालिका अध्यक्ष भगत सिंह खड्काले नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी गाउँपालिकाभर अनुगमन गरिने बताए । अनुगमन गर्न आउने कर्मचारी, जनप्रतिनिधि सुरक्षाकर्मी लगायतलाई सहयोग गरिदिन आग्रह गरे । उनले उपभोक्ताले सामग्री किन्दा पहिलो प्राथमिकतामा म्याद हेरेर सामग्री खरिद गर्न आग्रह गरे ।

त्यस्तै अनुगमन समिति संयोजक उपाध्यक्ष कुवंरले बजार अनुगमन

>>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ असोज २०८०, शनिबार
14 October 2023, Saturday

# अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी संकल्प प्रस्ताव स्वीकृत

**काठमाडौं/मस-** राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसद प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनसम्बन्धी संकल्प प्रस्ताव स्वीकृत भएको छ ।

सांसद पन्थले संकल्प प्रस्ताव पेस गर्दै त्यसको औचित्य र कारणबारे जानकारी गराएका थिए ।

उनले कानूनमा अपाङ्गता भएका व्यक्तिप्रति विभेद हुने व्यवस्थाको अध्ययन गर्नुपर्नेमा जोड दिए । उनले उक्त व्यवस्था यथाशीघ्र खारेज, संशोधन वा नयाँ निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिन आग्रह गरे । सांसद पन्थले अपाङ्गता भएका व्यक्तिको लागि अवरोधमुक्त तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानूनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेको अपाङ्गता अधिकारसम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नु राज्यका सबै निकायको दायित्व भएको बताए ।



प्रस्तावमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण, विकास र अधिकारको कार्यान्वयनको अनुगमन, अध्ययन तथा अनुसन्धान, योजना तथा नीतिनिर्माणमा सहयोग, अपाङ्गताका सवालमा काम गर्न सबै किसिमका अपाङ्गता समूहको प्रतिनिधित्व हुनेगरी अधिकार सम्पन्न अपाङ्गता अधिकार प्रवर्द्धन प्रतिष्ठान वा आयोग स्थापना गर्न माग गरिएको छ ।

प्रस्तुत प्रस्तावका समर्थक शारदादेवी भट्ट, सिंहबहादुर विश्वकर्मा, तुलप्रसाद विश्वकर्मा, भगवती न्यौपाने, खिमलाल देवकोटा, गंगाकुमारी वेल्वासे, रमेशजंग रायमाझी, बामदेव गौतम, विमल घिमिरे, दिलकुमारी रावल थापा (पार्वती), विना पोखरेल, देवेन्द्र दाहाल, महेशकुमार महरा, समित्रा विसी, तुलसाकुमारी दाहाल, डा.विमला राई पौडेलले प्रस्तावका विविध पक्षबारे आफ्ना धारणा राखेका थिए ।

यसैगरी, बैठकले राष्ट्रियसभा नियमावली संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव पारित गरेको छ । सांसद रमेशजंग रायमाझीले प्रस्तुत गर्नभएको राष्ट्रियसभा नियमावली, २०७५ संशोधन मस्यौदा समिति गठनसम्बन्धी प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरिएको हो । बैठकमा राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावल थापा (पार्वती)ले 'राष्ट्रिय सरोकार तथा समन्वय समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन' पेस गरेकी थिइन् ।

# राष्ट्रपतिसमक्ष दुई आयोगका प्रतिवेदन प्रस्तुत

**काठमाडौं/मस-** राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय महिला आयोग र मधेसी आयागका प्रतिवेदन प्रस्तुत भएका छन् ।



राष्ट्रपति कार्यालयमा शुक्रबार आयोजित बेग्लाबेग्लै कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले आयोगको १६औं वार्षिक प्रतिवेदन र मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तले आफू नेतृत्वको आयोगको प्रतिवेदन प्रस्तुत गरेका हुन् ।

त्यस अवसरमा राष्ट्रपति पौडेलले महिलाको हकहित, लैङ्गिक समानता, महिला सशक्तिकरणसँग सम्बन्धित विषयमा आयोगको जिम्मेवारी र दायित्व गहन रहेको बताउँदै धेरै प्रयासका बाबजुद केही क्षेत्रमा महिलाको उपस्थिति आशालाग्दो देखिए पनि जनसंख्याको आधा हिस्सा ओगटेको वर्गको निर्णायक तहमा प्रतिनिधित्व अझै सन्तोषजनक नरहेको बताए । 'राष्ट्रिय जीवनका अन्य महत्वपूर्ण क्षेत्रमा महिलाको उपस्थिति र योगदानलाई अझ प्रभावकारी बनाउनुपर्ने भएको छ, आगामी दिनमा महिला आयोगले अझ सशक्त र प्रभावकारी रुपमा कार्यसम्पादन गर्नेमा म विश्वस्त छु', उनले भने ।

आयोगले आफ्नो संवैधानिक र कानुनी दायित्व पूरा गर्ने क्रममा प्रस्तुत प्रतिवेदनका महत्वपूर्ण विषयलाई नेपाल सरकारले प्रभावकारी रुपमा सम्बोधन गर्ने विश्वास राष्ट्रपतिले व्यक्त गरे ।राष्ट्रपति पौडेलले गाउँघरमा पछाडि परेका महिलाको जीवनस्तर उकास्न सामाजिक अभियान चलाउन आवश्यक भएकामा जोड दिए । यसैगरी, राष्ट्रपति पौडेलले मधेसी आयोगको प्रतिवेदन ग्रहण गर्दै मधेसमा पनि सिङ्गो देशकोजस्तै भाषिक र सांस्कृतिक विविधता रहेको बताए । उनले नेपालको तराई क्षेत्रमा युगौंदेखि बसोबास गर्दै आएको मधेसी समुदायको भाषा, संस्कृति, वेषभूषा, परम्परा, सभ्यता र संस्कार देशको विविधताजस्तै विविधतापूर्ण रहेको बताए ।

# साउथ एसियन ट्राभल अवार्ड नेपालगञ्ज 'भ्यू होटल सिद्धार्थ'लाई

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २६ असोज

सिद्धार्थ विजनेश ग्रुपद्वारा नेपालगञ्जमा सञ्चालित 'भ्यू होटल सिद्धार्थ' 'साउथ एसियन ट्राभल अवार्ड २०२३' बाट सम्मानित भएको छ ।

मिटिङ तथा कन्फ्रेरेन्स होटल/रिसोर्टमा नेतृत्वदायी भूमिका खेलेको भन्दै साउथ एसियन ट्राभल अवार्डबाट भ्यू होटललाई सम्मानित गरिएको ग्रुपका प्रमुख कार्यकारी अधिकृत (सीईओ) कृष्ण न्यौपानेले जानकारी दिए । नेपालसहित विभिन्न ६ राष्ट्रको प्रतिनिधित्व रहेको यस संस्थाले हरेक वर्ष पर्यटन तथा हस्पिटालिटी क्षेत्रमा क्रियाशील विभिन्न कम्पनीलाई अवार्ड दिँदै आएको छ । सोही अन्तर्गत यस वर्षको सो अवार्ड भ्यू होटल सिद्धार्थ नेपालगञ्जले पाएको छ ।




होटलका तर्फबाट सो अवार्ड कार्यक्रममा ग्रुपका क्षेत्रीय कार्यकारी निर्देशक केशव न्यौपाने, कर्पोरेट सेल्स एण्ड मार्केटिङ म्यानेजर निर्पेश श्रेष्ठ र क्लस्टर सेल्स एण्ड मार्केटिङ म्यानेजर नवीन भट्ट सहभागी रहेका थिए ।

भ्यू होटल सिद्धार्थमा विभिन्न क्षमताका ६ वटा हल छन् । १ १०० जनाभन्दा बढी अट्ने हलसहितका अन्य हलहरूमा विभिन्न सभा/सम्मेलन गर्न सकिने व्यवस्था रहेको होटलले जनाएको छ ।

फोर स्टार स्ट्याण्डर्डको यो होटल वि.सं.२०६५ भदौ देखि सञ्चालनमा आएको हो । होटलमा स्विट, जुनियर स्विट, फ्यामिली स्विट, डिलक्स र स्ट्याण्डर्ड प्रकृतिका १ सय २५ वटा रुम रहेका छन् । फाइभ स्टार स्ट्याण्डर्डको सेवाहरू दिँदै आएको यस होटलमा रेस्टुरेन्ट, इन्टरनेसनल कुजिन, रुफटम रेस्टुरेन्ट, पुल बार, डे डाइनिङ लगायतका सुविधा रहेको छ । जहाँ ग्राहकले आफ्नो रुची अनुसारको अनुभव पनि लिन सक्ने छन् । होटलमा १३ हजार ५०० स्क्वायर फिटमा फैलिएको ब्याङ्केट हल छ । साथै स्पा, सलोन र फिटनेस सेन्टर समेत रहेको छ ।

होटलबाट नजिकैको दूरीमा नेपालगञ्जको प्रसिद्ध बागेश्वरी मन्दिर, नेपालगञ्जको पुरानो बजार, बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, सन्तानेश्वर मन्दिर, महेन्द्र पार्क लगायत छन् । जहाँ होटलका ग्राहकहरूले मज्जाले अवलोकन गर्न सक्नेछन् ।

लक्ष्मण न्यौपानेले भारतको रोजगारीबाट फर्केर २५ वर्षअघि कैलालीको टिकापुरमा सानो व्यवसायबाट शुरू गरेको व्यवसाय अहिले विस्तार भएर सिद्धार्थ ग्रुप देशैभर फैलिएको छ ।

ग्रुपको पहिलो पाँचतारे होटल सिद्धार्थ भिलासा सञ्चालनमा ल्याएको छ । चितवनको सौराहामा सिद्धार्थको लग्जरी रिसोर्ट केही समय भित्रै खुल्ने बताइएको छ ।

सिद्धार्थ हस्पिटालिटीले जुम्ला र इलाममा 'एग्रो टुरिजम' थिममा लक्जरी रिसोर्ट निर्माणको तयारी समेत गरिरहेको छ ।

जसअनुसार जुम्लामा स्याउ बगानसहितको लक्जरी रिसोर्ट र इलामको चिया बगानभित्र लक्जरी रिसोर्ट निर्माण तयारी गरेको न्यौपानेले जानकारी दिए ।

ग्रपले नेपालगञ्ज र सुर्खेतमा चार तारे सिद्धार्थ होटल तथा चन्द्रौटामा लग्जरी रिसोर्ट 'सिद्धार्थ लुम्बिनी ग्रीन रिसोर्ट' सञ्चालन गरिरहेको छ । चिसापानीको सिद्धार्थ रिसोर्ट, पृथ्वी राजमार्गको चुम्लिङटारको सिद्धार्थ रिभरसाइड रिसोर्ट रहेका छन् ।

बौद्धको सिद्धार्थ बुटिक होटल, बिर्तामोडको चारतारे स्ट्यान्डर्डको सिद्धार्थ होटल ग्राण्ड सिटी, नुवाकोटको सिद्धार्थ होटल वाटर टावर, टिकापुरको होटल सिद्धार्थ, सुन्धाराको होटल सिद्धार्थ यसै ग्रुप अन्तर्गतका होटल हुन् । बुटवल, नेपालगञ्ज, तिनकुने, घोबिघाट र पुरानो बानेश्वरमा सिद्धार्थ कटेज सञ्चालनमा छन् । ग्रपले महाराजगञ्जमा २ वटा तथा तिनकुने र नेपालगञ्जमा एक/एक वटा गरी ४ वटा एस क्याफेको आउटलेट सञ्चालन ल्याएको छ । सिद्धार्थ हस्पिटालिटीमा २ हजार बढीले प्रत्यक्ष रोजगारी पाएका छन् ।

### तीनकुने सामूहिक हत्याकाण्ड

# सञ्जय भण्डारीलाई गोलघरमा लगियो

**काठमाडौं/मस-**काठमाडौं तीनकुने गैरीगाउँ सामूहिक हत्या प्रकरणमा अभियुक्त सञ्जय भण्डारीलाई गोलघरमा राखिएको छ । सुरक्षा चुनौती भएकाले उनलाई सिँधै गोलघरमा लगिएको केन्द्रीय कारागारले जनाएको छ ।



शुक्रबार जिल्ला अदालत, काठमाडौंका न्यायाधीश दीनबन्धु बरालको एकल इजलासले भण्डारीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

गत २९ भदौंमा तीनकुनेस्थित फर्निचर गोदाममा चार जनाको हत्या गरेको आरोपमा प्रहरीले सिन्धुपाल्चोकको बाह्रबीसे-९ का भण्डारीविरुद्ध मुद्दा दायर गरेको थियो । घटनामा संलग्नता देखिने पर्याप्त आधार भएको भन्दै भण्डारीलाई थुनामा पठाउन आदेश गरेको काठमाडौं जिल्ला अदालतले जनाएको छ ।

भण्डारीले विशाल राईसँग आफ्नो रिसिइबी रहेकाले उनलाई खुकुरी प्रहार गरेको स्वीकारेका थिए । घटनामा दोलखा घर भई सोही काठ मिलमा गेटपालेको काम गर्ने ५६ वर्षीय कुमार भुजेल, उनकी श्रीमती अन्दाजी ५२ वर्षकी अम्बिका भुजेल, कुमारकी आमा ७६ वर्षीय सुभद्रा भुजेल र सोही स्थानमा काम गर्ने मोरङ बेलबारी स्थायी ठेगाना भएका २० वर्षीय नवीन राईको हत्या भएको थियो ।

विशेषगरी गोलघरमा निकृष्ट प्रकृतिको अपराध गर्ने व्यक्ति र भाग्न सक्ने वा भाग्न खोज्ने व्यक्तिहरुलाई राख्ने गरिन्छ । यसअघि गोलघरमा सिरियल किलर चार्ल्स शोभराज, गुण्डानाइके रमेश बाहुन, रिगल भन्ने योगराज ढकालहरुलाई समेत राखिएको थियो ।

गोलघरभित्रका कैदीबन्दीले अन्य कैदीबन्दीले जति सुविधा पनि पाउँदैनन् । उनीहरुले अन्य कैदीबन्दीले जति भेटघाट समेत गर्न पाउँदैनन् भने फोन सम्पर्क गर्दा पनि प्रहरीको निगरानीमा उनीहरुकै अगाडि मात्रै फोन गर्न पाउँछन् ।

# दुई वर्ष पुराना मुद्दा चालु आर्थिक वर्षभित्र फछ्र्यौट गरिने

**काडमाडौं/मस-** काठमाडौं जिल्ला अदालतले दुई वर्ष पुराना मुद्दा चालु आर्थिक वर्षभित्र फर्छ्यौट गर्ने भएको छ ।

दुई वर्ष पुराना मुद्दा शून्यमा झार्ने सर्वोच्च अदालतको अभियानअनुसार जिल्ला अदालतले आगामी असार मसान्तसम्ममा त्यस्ता मुद्दा फर्छ्यौट गर्ने जनाएको हो । हाल उक्त अदालतमा दुई हजार नौ सय ८७ वटा दुई वर्ष पुराना मुद्दा छन् ।

अदालत परिसरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै काठमाडौं अदालतका जिल्ला न्यायाधीश कृष्णप्रसाद सुवेदीले दुई वर्ष पुराना सबै मुद्दा असार मसान्तसम्ममा फर्छ्यौट गर्ने लक्ष्य रहेको र ती मुद्दामा पेसी स्थगित नहुने गरी सुनुवाइ गरिरहेको बताए । उक्त अदालतमा दुईवर्ष पुरानासहित हाल ३१ हजार तीन सय ३६ मुद्दा विचाराधीन छन् ।

# युवा व्यवसायी भण्डारीद्वारा दुर्गाको मूर्ति दान

**इलाम/मस-** इलामको माईजोगमाई गाउँपालिकामा वैदेशिक रोजगार व्यवसायी मुकेश भण्डारीले दुर्गा भवानीको मूर्ति स्थापना गरेका छन् । सामाखुसीस्थित एडभान्स म्यानेजमेन्ट कन्सल्टेन्ट प्रा.लि.का एक्ज्युकेटिभ डाइरेक्टर युवा व्यवसायी भण्डारीले गत वर्ष करिब २२ लाख रुपैयाँको व्यक्तिगत लागतमा २१ फिट अग्लो गणेश भगवानको प्रतिमा निर्माण गरेका थिए ।



व्यवसायी भण्डारीले यसपटक ५ लाख रूपैयाँमा दुर्गाको मूर्ति निर्माण गरेका हुन् । गणेश भगवानको प्रतिमा तथा दुर्गा भवानीको मन्दिरले पूर्वी नेपालको सुन्दर पर्यटकीय क्षेत्र अन्तर्गत माईजोगमाईलाई पर्यटन प्रवर्द्धनमा थप टेवा मिलेको स्थानीयहरु बताउँछन् । व्यवसायी भण्डारीका बाबुबाजेले दुर्गा मन्दिरका लागि जग्गा दान गरेर पुण्यकार्यको शुभारम्भ गरेका थिए । व्यवसायी भण्डारीले त्यसलाई निरन्तरता दिँदै सोही ठाउँमा गणेशको प्रतिमा र दुर्गा मन्दिर बनाएका हुन् ।

# जारमा किराको लार्भा र फोहोरमैला फेला



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २६ असोज

उदयपुरमा खानेपानीको जारमा किराको लार्भा र फोहोरमैला फेला परेको छ । त्रियुगा नगरपालिका-३ मोतिगडा त्रियुगा पुल नजिक रहेको नेपाल स्प्रीङ्ग प्रशोधित खानेपानी उद्योगले सर्वसाधारणलाई उपलब्ध गराएको खानेपानीको जारमा किराको लार्भा र अन्य फोहोरमैला फेला परेको हो । उक्त पानी दुई दिनअघि मात्र एसपी सप्लायर्समा दिइएको थियो ।

पसलमा आउने ग्राहकले पानी खान खोज्दा किरा छ भनेपछि राम्ररी हेर्दा जारभरी किराको लार्भा भेटिएको पसलका सञ्चालक पवन राउतले बताए ।

पसल सञ्चालकले सो पानी कम्पनीका कर्मचारीलाई बोलाएर बुझाएको छ । उक्त पानी उद्योगमा कार्यरत कर्मचारीहरुसँग सोधपुछ गर्दा कर्मचारीहरु आफूहरुले सो पानी दिँदा किरा नभएको बताएका छन् । उनीहरूले त्यस्तो कसरी भयो ?, आफूहरु छक्क परेको बताएका छन् । कम्पनीले जारमा स्टिकर समेत टाँसेको छैन । प्रशोधित पानी उत्पादन गर्ने सो उद्योगमा बाहिर बोर्ड समेत नराखिएको अवस्था छ । सो पानी उद्योग राम कुमार बस्नेतले सञ्चालन गरेका बुझिएको छ ।

### एमालेको

भण्डारीका अनुसार शनिबार दिउँसो सनाखत हुनेछ । यससँगै प्रदेश प्रमुखको कार्यालयले शनिबार बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म दुवै दाबीकर्ताको समर्थनमा हस्ताक्षर गरेका सदस्यलाई प्रदेश सभाको परिचयपत्रसहित उपस्थित हुन आह्वान गरेको छ ।

नेताहरुका अनुसार कोशीबाट एमालेले सत्तारोहणलाई बलियो बनाउने प्रयास गरेको छ । केदार कार्की मुख्यमन्त्री भए एमाले समेतको सहभागितामा सरकार बन्छ । साथै, सत्ता गठबन्धन एक नरहेको सन्देश प्रवाह गर्छ । मुख्यमन्त्रीमा दुवैको दावी नपुगे हिक्मत कुमार कार्की नेतृत्वको सरकार चुनावी सरकारको रुपमा परिणत हुन्छ । एमाले नेतृत्वको सरकारले मध्यावधि चुनाव गराउँछ ।

### तरंगित...

भएको तरंगलाई २०५१ सालको घटनासँग तुलना गर्छन कांग्रेसका प्रचार विभाग प्रमुखसमेत रहेका नेता मीन विश्वकर्मा । कोशीमा ८ जना सांसदहरुले विद्रोह गरी एमालेको समर्थनमा मुख्यमन्त्रीका लागि दाबी गरेपछि उनले यसलाई २०५१ सालको घटनासँग तुलना गरेका हुन् ।

२०५१ सालमा सरकारले संसदमा पेस गरेको नीति तथा कार्यक्रम पास गर्ने बेला महेन्द्रनारायण निधिलगायत कांग्रेसकै ३६ जना सांसद अनुपस्थित भएका थिए । त्यसबाट कांग्रेसभित्र छत्तिसे र चौहत्तरे समूह जन्मिएका थिए ।

आफ्नै सांसद उपस्थित नभएकाले कोइराला सरकारले पेस गरेको नीति तथा तथा कार्यक्रम संसदमा फेल भयो । कोइराला नैतिक संकटमा परे । आफ्नै दलको बहुमतको संसद भंग गर्दै मध्यावधि निर्वाचन घोषणा गरेका थिए । ०४८ सालको चुनावपछि बनेको पहिलो मन्त्रिपरिषद्बाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसाद भट्टराई पक्षका ५ जना मन्त्री हटाएका थिए ।

नेता विश्वकर्मा त्यही घटनासँग कोशी विद्रोहलाई तुलना गर्छन । कांग्रेसको कार्यसम्पादन समितिको बैठकमा कोशीमा सांसदहरूले गरेको विद्रोहलाई महत्वका साथ लिएको नेता विश्वकर्मा बताउँछन् । यसरी गरेको विद्रोहलाई स्वीकारेर जाँदा पार्टीभित्र अनुशासनहीनता बढ्ने उनको भनाइ छ ।

नेता मीन विश्वकर्मा समस्या समाधानको प्रयास भइराखेको बताउँछन् । उनले पत्रकारहरुसँग भनेका छन्, 'कोशीमा कांग्रेस फुटिहालेको अवस्था होइन । केहीले असन्तुष्टि जाहेर गरिराख्नुभएको छ । सबै असन्तुष्टि विभाजनमा जान्छन् भन्ने छैन ।'

### इजरायलमा...

बिबुशा अधिकारीले विपिनलाई हमासका लडाकुले लगेको बताएकी छिन् । ग्रिनेड हमासतर्फ नफालेको भए त्यहाँ रहेका १७ जनाको मृत्यु हुने भन्दै हाल नेपाल आएका युवायुवतीले साथीहरूलाई बचाउने विपिन रियल हिरोको उपनाम दिँदै उनलाई जसरी भए पनि बचाउन सरकारसँग आग्रह गरेका छन् । इजरायलमा हमासको आक्रमणमा ज्यान गुमाएका नेपाली विद्यार्थीहरुको शव ल्याउन भने समय लाग्ने बताइएको छ ।

### राहुल...

महरा लगायत ४ जनामाथि आपराधिक विश्वासघात ,भन्सार चोरी तथा संगठित अपराध सम्बन्धि कसुरको आरोपमा जिल्ला अदालत काठमाडौंमा मुद्दा चलेको थियो ।

विद्युतिय चुरोट (भेप)भित्र सुन लुकाएर ल्याउने काममा संलग्न भएको आरोपमा प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरो (सिआइबी)ले राहल लगायतमाथि अनुसन्धान गरेको थियो । राहुल पूर्वसभामुख कृष्णबहादुर महराका छोरा हुन् ।


राहुलसँगै मुद्दा चलाइएका लोकेन्द्र पौडेलसँग भने ५ लाख रुपैयाँ धरौटी माग गरिएको छ ।

### किराना...

औपचारिकताको लागि मात्रै नगरिएको बताइन् । उनले यसबाट नागरिकलाई फाइदा होस्, सहयोग होस् र सुपथ मूल्यमा गुणस्तरीय सामग्री सहजै उपलब्ध होस् भन्ने हेतुले अनुगमन थालिएको बताइन् । 'हामीले पालिका भर नै यो अभियान सुचारु गरेका छौं । विशेषगरी व्यापारीहरुले सचेतभैं नियमभित्र रहि व्यापार गर्न अनुरोध छ'उनले भनिन् ।

# टोखा नगरपालिकाद्वारा पानी उद्योगमा सिल

**काठमाडौं/मस-** टोखा नगरपालिकाले गुणस्तरहीन पानी बिक्री वितरण गरेको भन्दै एक उद्योगलाई सिल गरेको छ । नगरपालिकाबाट खटिएको अनुगमन टोलीले टोखा नगरपालिका-३ ढलमलटोलमा सञ्चालित एक्वा अविरल पानी उत्पादन गर्ने सिलवाल गुप्र इण्ड्रष्टिज प्रालिलाई सिल गरेको हो ।




नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसीले स्थानीय तहमा दर्ता नभई विगत १६ वर्षदेखि सञ्चालनमा रहेको र गुणस्तरीय पानी उत्पादन गरी बिक्री वितरण गरेकाले उद्योगमा सिल गरिएको जानकारी दिए । यस्तै, नगरपालिकाको बजार अनुगमनका क्रममा वडामा दर्ता नभई सञ्चालित गोँगबु तरकारी बजारलाई रु १० हजार, म्याद नाघेको वस्तु बिक्री वितरण गर्ने सागर प्लास्टिक सप्लायर्सलाई रु पाँच हजार, दर्ता नगरी सञ्चालित गुड्डु किराना एण्ड मसला सेन्टर गोँगबुलाई रु दुई हजार जरिवाना गरेको छ ।

यसैगरी, टोखा नगरपालिका वडा नं ११ बानियाँटारमा सञ्चालित क्वालिटी फ्रेस चिकेन सप्लायर्सलाई सिल गरेको छ । नगरपालिकाले चाडपर्वको समयमा टोखावासीको जनस्वास्थ्यलाई ध्यानमा दिएर अनुगमनलाई तीव्रता दिएको हो ।

अनुगमनका क्रममा नगरप्रमुख प्रकाश अधिकारी, नगर उपप्रमुख मुरारी तामाङ, वडा नं ११ का वडाध्यक्ष घनश्याम खड्का, प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर विसी, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, घरेलु तथा साना उद्योगका प्रतिनिधिलगायत टोखाका कर्मचारीको सहभागिता थियो ।

# बाजुराको अर्गानिक स्याउ धनगढी बजारमा

**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, २६ असोज





बाजुरामा उत्पादन भएको अर्गानिक स्याउ धनगढी पुगेको छ । बाजुराको स्वामिकार्तिक-खापर गाउँपालिकामा उत्पादन भएको अर्गानिक स्याउ धनगढीमा पुऱ्याएर बिक्री वितरण शुरू गरिएको हो । स्वामिकार्तिक खापर गाउँपालिका र कृषि ज्ञान केन्द्र बाजुराको ढुवानी अनुदानमा धनगढीमा ल्याइएको स्याउ धनगढी बजारमा बिक्री शुरू गरिएको छ। कुनैपनि मिसावट नभइ अर्गानिक उत्पादन भएको स्याउ धनगढी बसपार्कस्थित टाइगर होटलबाट बिक्री वितरण भइरहेको फ्यूचर स्याउ कृषि समूहका अध्यक्ष धनबहादुर रावलले बताए ।

गाउँपालिका र कृषि ज्ञान केन्द्र बाजुराको ४०/४० प्रतिशत र फ्यूचर स्याउ कृषक समूहको २० प्रतिशत ढुवानी अनुदानमा किसानको स्याउ धनगढी पुऱ्याइएको उनले बताए। उनका अनुसार बाजुरामा ३ सय ७० हेक्टरमा स्याउ खेती गरिएको छ। यो वर्ष २० मेट्रिकटन स्याउ धनगढी पुऱ्याउने लक्ष्य राखिएको छ। यो वर्ष बाजुरामा एक हजार १३७ मेट्रिकटन स्याउ उत्पादन हुने अनुमान गरिएको छ। बाजुरामा प्रति हेक्टर ६ दशमलव ५ मेट्रिकटन स्याउ उत्पादन हुने गरेको छ।

बाजुराका किसानको स्याउको बजारीकरणमा स्वामिकार्तिक खापर गाउँपालिका, कृषि ज्ञान केन्द्र बाजुरा, जिआइजेटरएलपिइडी र ग्रीप परियोजनाको पनि आर्थिक सहयोग रहेको कृषक समूहका अध्यक्ष रावलले बताए। बाजुराको स्याउ धनगढी ल्याउन बाजुराबाट भरिया, खच्चड, ट्याक्टर, ट्रक प्रयोग गरी कर्णाली प्रदेशको दैलेख, सुर्खेत हुँदै लुम्बिनी प्रदेशको बाँके र बर्दिया भएर कैलाली पुग्नु परेको किसान कर्ण रोकायाले बताए।

गाउँपालिकासम्म ट्रक चल्ने सडक नभएकाले कर्णाली प्रदेश हुँदै धनगढी पुग्नु परेको हो । स्तरीय सडक नहुँदा ग्रामीण क्षेत्रको कृषि उपजको बजारीकरणमा समस्या भएको उनको भनाइ छ ।

स्याउसँगै अन्य उत्पादित वस्तुको बजारीकरण गरिनुका साथै प्रदेश सरकारले स्थानीय उत्पादनलाई बढावा दिनुपर्ने उनको माग छ । बिहीबार बिहानबाट नै बाजुराको स्याउ बिक्री शुरु भएको छ । अर्गानिक स्याउको मूल्य प्रति किलोग्राम १३० रुपैयाँ तोकिएको छ । बाजुराको स्याउको बजारीकरणमा प्रदेश सरकारको सहयोग रहने सुदूरपश्चिम प्रदेश सरकारका आर्थिक मामिला मन्त्री नरेश कुमार शाही र सहकारी मन्त्री रामेश्वर चौधरीले बताएका छन्। कृषिबाट आर्थिक समृद्धि हासिल गर्ने सरकारको लक्ष्य रहेकाले कृषि उपजको उत्पादन र बजारीकरणमा सहयोग रहने प्रतिबद्धता पनि उनीहरुले व्यक्त गरेका छन् ।

# जुम्ला र कालिकोटका २ सय १० जनाको निःशुल्क मोतिबिन्दुको शल्यक्रिया



**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघ हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा जुम्ला र कालिकोट जिल्लामा सम्पन्न विभिन्न आँखा शिविरमार्फत २ सय १० जना बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ ।

विभिन्न पालिकाहरुका ९ सय ८६ जना बिरामीहरुको आँखा परीक्षण गर्दा २१० जनामा मोतियाबिन्दुको समस्या देखिएको हो । मोतियाबिन्दु देखिएका सबै बिरामीहरुको नेपाल नेत्रज्योति संघ एकीकृत आँखा तथा कान स्वास्थ्य कार्यक्रम कर्णाली, आई केयर फाउन्डेशन र रिड्ली फाउन्डेशनको आर्थिक सहयोगमा निःशुल्क शल्यक्रिया गरिएको हो ।

असोज ११ गतेदेखि १४ गतेसम्म नेपाल नेत्रज्योति संघ जिल्ला शाखा जुम्लाको आयोजनामा जुम्लाको खलङ्गामामा सञ्चालन गरिएको शिविरमा ९० जनाको मोतिबिन्दुको निशुल्क शल्यक्रिया गरिएको थियो भने ४ सय ११ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो ।

त्यस्तै असोज १५ गतेदेखि १७ गतेसम्म जुम्लाको हिमा गाँउपालिकामा सञ्चालन गरिएको शिविरमा ४३ जनाको मोतिबिन्दुको निःशुल्क शल्यक्रिया गरिएको थियो भने ३ सय ५० जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो ।

त्यसैगरी असोज २० र २१ गते कालिकोटको पलाँता गाँउपालिकामा सञ्चालन गरिएको शिविरमा ७७ जनाको मोतिबिन्दुको निशुल्क शल्यक्रिया गरिएको थियो भने २ सय २५ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो । नेपाल नेत्रज्योति संघले पैसाको अभावका कारण कोही पनि अन्धोपनमा जिवन विताउन नपरोस भन्ने हेतुले पछिल्लो समय हुनेसँग लिने र नहुनेलाई सेवा दिने उद्देश्यले स्थानीय सरकारसँगको साझेदारीमा उज्यालो अभियान कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# एनआरएनए उपमहासचिवमा कतारबाट प्रविन गुरुङद्वारा उम्मेदवारी घोषणा



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २६ असोज

गैरआवासीय नेपाली संघ (एनआरएनए)को आगामी कार्यकाल (२०२३-०२५) को लागि कतार निवासी प्रविन गुरुङले ११ बुँदे एजेण्डासहित उपमहासचिव पदमा उम्मेदवारी घोषणा गरेका छन् । एनआरएनए अभियानमा लामो समयदेखि लागेका गुरुङले संघको संस्थागत एकता, सुधार र सुदृढीकरणका लागि ११ बुँदे एजेण्डासहित उपमहासचिव पदमा उम्मेदवारी घोषणा गरेका हुन् ।

सामाजिक सेवा र व्यावसायिक कार्यमा सक्रिय गुरुङले आगामी कार्यकालमा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने, नेपालको विकास र समृद्धिका लागि सामूहिक लगानी ल्याउने, विदेशमा सिकेको सीप र पुँजीलाई स्वदेशमा लगानी गरेर रोजगारी बढाउने र सूचना प्रविधिमैत्री स्मार्ट एनआरएनए बनाउने लगायतका एजेण्डाहरू अघि सारेका छन् ।

आफ्ना एजेण्डाहरू सार्वजनिक गर्दै गुरुङले भने, 'मध्यपूर्व, मलेसिया, जापान, कोरिया र युरोपका केही देशको समस्या तथा सम्भावना लगभग एउटै प्रकारका छन् । आज म जस्ता युवाहरूले विदेशमा पसिना बगाएर पठाएको रेमिट्यान्स ६० प्रतिशतभन्दा धेरै अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । हामीले पठाएको रेमिट्यान्सलाई उत्पादनमुलक क्षेत्रमा लगाउनु मेरो प्रमुख प्राथमिकता हुनेछ ।'

# सुर्मा देवी धौलदेउ मन्दिरको भएन मर्मत सम्भार, पूजाआजा गर्न समस्या



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २६ असोज

बझाङको छबिसपाथिभेरा गाउँपालिकामा एक ऐतिहासिक धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको मन्दिरको मर्मत सम्भार हुन सकेको छैन ।

छबिसपाथिभेरा गाउँपालिका-७ खोरी गाउँमा रहेको सुर्मा देवी धौलदेउ मन्दिर मर्मत सम्भार हुन नसकेको हो । सुर्मा देवी धौलदेउ मन्दिरमा विशेषगरी सुर्मा देवी बिरिजात मेलामा पूजाआजा हुने गर्दछ । सुदूरपश्चिमकै ऐतिहासिक तथा धार्मिक मेलाका नामले परिचित सुर्मा देवी बिरिजात मेलाको समयमा विशेष पूजाआजा गरिने भएपनि मन्दिरको संरचना मर्मत सम्भार गरिएको छैन । मन्दिरमा मेलाको समयमा एकैपटक उक्त गाउँका स्थानीय मात्रै नभइ छिमेकी घट्टे गाउँका स्थानीय पनि पूजाआजा गर्न आउँछन् ।

तर मन्दिर सानो हुँदा पूजाआजामा समस्या हुने गरेको स्थानीय तथा सुर्मा देवी मन्दिर संरक्षण समूहका अध्यक्ष मकर बोहराले बताए । उनले भने, 'हामी दुई गाउँका दाजुभाइ बिरिजात मेलाको समयमा यस मन्दिरमा पूजाआराधाना गर्छौं, मन्दिरभित्र साँघुरो छ, सबैलाई दर्शन गर्न सकस हुन्छ । यो मन्दिरलाई केही ठूलो बनाउन सके पूजा गर्न सहज हुने थियो ।' धार्मिक तथा पर्यटकीय सम्भावना बोकेको मन्दिर मर्मत सम्भारतर्फ भने कसैको ध्यान नगएको उनले बताए ।

मन्दिर मर्मत सम्भार सुधारका लागि सुर्मा देवी मन्दिर संरक्षण समूहले पहल भने नगरेको होइन । समूहले पटकपटक स्थानीय सरकार हुँदै प्रदेश सरकारसम्म समेत मन्दिर मर्मत सम्भारका लागि निवेदन पेश गरेको अध्यक्ष बोहरा बताउँछन् । आफूले दुई पटक प्रदेश सरकारमा निवेदन पेश गरेर मन्दिर निर्माणका लागि माग गरेको तर अहिलेसम्म आफ्नो माग सम्बोधन नभएको उनले बताए । उनले भने, 'प्रदेशमा निवेदन दुई पटक पेश गरिसक्यौं तर अहिलेसम्म योजना पाएनौं, अब त आश पनि मरिसक्यो ।' प्रदेशमा पनि योजना किनबेच हुने प्रवृत्ति भएका कारण पटकपटक माग राख्दै निवेदन पेश गर्दासमेत सम्बोधन नभएको सुर्मा देवी मन्दिर संरक्षण समूहका पदाधिकारीहरू बताउँछन् ।

# अल्सल्फिया मदरसाद्वारा इजरायल घटनाप्रति दुःख व्यक्त

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २६ असोज

जामिया सिराजुल उलुम अल्सल्फिया मदरसाले इजरायलमा १० जना नेपालीको मृत्यु भएकोप्रति दुःख व्यक्त गरेको छ । मदरसाले एक विज्ञप्ति जारी गर्दै प्यालेस्टाइनी अतिवादी समूह हमासले इजरायलमा गरेको आक्रमणमा परी नेपालीहरुको मृत्यु भएकोप्रति दुःख व्यक्त गरेको हो ।

जामिया सिराजुल उलुम अल्सल्फियालगायत जैद बिन साबित आयशा सिद्दिका गर्लस कालेज मदरसा जियाउल उलुम मदरसा उसमान बिन अफफान लगायतले समेत सो घटनाप्रति दुःख व्यक्त गरिएको जामिया सिराजुल उलुम अल्सल्फिया मदरसाका अध्यक्ष तथा राष्ट्रिय मदरसा संघका संस्थापक समिम अहमद नदवीद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ । साथै मदरसाले राष्ट्रिय शोक घोषणा र शोकको अभिव्यक्तिको रूपमा राष्ट्रिय झण्डा आधा झुकाउने सरकारको निर्णयको पनि प्रशंसा गरेको छ ।

# चितवन सेवा समाजको विश्व सम्मेलन उपप्रधानमन्त्री श्रेष्ठले उद्घाटन गर्ने




**काठमाडौं/मस-** चितवन सेवा समाज अन्तर्राष्ट्रिय समन्वय समिति नेपालको पाँचौ विश्व सम्मेलन तथा १०औं साधारण सभाको उद्घाटन उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गर्ने भएका छन् । असोज २७ गते शनिबार भरतपुरमा हुन गइरहेको सम्मेलनलाई उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले उद्घाटन गर्ने समितिका केन्द्रीय अध्यक्ष समिर खत्रीले जानकारी दिए ।

उक्त सम्मेलनबाट चितवन सेवा समाज अन्तर्राष्ट्रिय समन्वय समितिले गरेका सामाजिक कार्यहरु बढाउँदै जाने, विदेशमा छरिएर रहेका नेपालीहरुलाई संस्थामा थप गोलबन्द गर्दै जाने, उनीहरुका ज्ञान र सीपलाई नेपालको विकासमा प्रयोग गर्ने लक्ष्य रहेको अध्यक्ष खत्रीले बताए । चितवनको विकास र सामाजिक भावना, समाजको एकता र समृद्धिको चाहना भन्ने मूल नाराकासाथ विसं २०६९ सालमा स्थापना भएको संस्थाले शैक्षिक विकास,गरिबी निवारण, प्राकृतिक विपत्तिमा मानवीय सहयोग, चेतना विस्तार लगायतका क्षेत्रमा धेरै काम गर्दै आइरहेको छ ।

विश्वभरि रहेका चितवनेहरुलाई एकजुट बनाउन संस्था लागेको र अबको २ वर्षभित्रमा संस्थाले आफ्नै भवन पनि निर्माण गर्ने उद्देश्य लिएको अध्यक्ष खत्रीले बताए । पाँचौं विश्व सम्मेलन तथा साधारण सभाले आगामी २ वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

# आठबिसकोटमा कांग्रेस र एमालेका गरी चार जना माओवादीमा प्रवेश



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ असोज

रुकुम पश्चिमको आठबिसकोटमा चार जना नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन्। प्रवेश गर्नेमा नेपाली कांग्रेसका ४ नम्बर वडाका युवा नेता खिमबहादुर मल्ल, गिता विष्ट मल्ल र सरिता सुनुवार रहेको माओवादी केन्द्र आठबिसकोटका अध्यक्ष मानबहादुर चनाराले जानकारी दिए । त्यस्तै नेकपा एमालेका क्रियाशील सदस्य सरिता बिक पनि माओवादीमा प्रवेश गरेकी छन् ।

माओवादी केन्द्र विकास प्रेमी पार्टी र सबैको भलो चिताउने पार्टी भएका कारण माओवादीमा प्रवेश गरेको खिमबहादुर मल्लले बताए । माओवादी केन्द्र आठबिसकोट नगर समितिको बैठकमा उनीहरु पार्टी प्रवेश गरेका हुन् ।

उनीहरुलाई माओवादी केन्द्र ३ महिने अभियानका कर्णाली प्रदेशका इन्चार्ज मातृकाप्रसाद यादव, कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मा, प्रदेश सभा सदस्य महेन्द्र केसीले अबिर लगाएर पार्टीमा स्वागत गरेका हुन्। पार्टी प्रवेश कार्यक्रममा आठबिसकोट नगरपालिकाका प्रमुख रवी केसी, उपप्रमुख धनकुमारी शाहीलगायत माओवादी केन्द्रका नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।


## इलेक्ट्रो पावर कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-०१, नक्साल, काठमाडौं
फोनः ०१-४४४४९४७ ईमेलः electropower040@gmail.com

### दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित : २०८०/०६/२७**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस इलेक्ट्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०६/२६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको दोस्रो वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८० साल कात्तिक १९ गते आइतबार (तदनुसार सन् २०२३ नोभेम्बर ५)**
**समय : बिहानको ठिक १०:०० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-०१, नक्साल, काठमाडौं ।**

**छलफलका विषयहरुः**

**(क) साधारण प्रस्तावः**

१. सञ्चालक समितिको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालकहरुको पारिश्रमिक तथा बैठक भत्ता अनुमोदन तथा निर्धारण गर्ने सम्बन्धमा ।
५. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा ।

**(ख) विविध :**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८०/०७/१३ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, नक्साल, काठमाडौंमा फोन नं. ०१-४४४४९४७ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**प्रशासकिय प्रमुख**





कथा

# विधाताको अदालतमा एक नास्तिक



■ धनराज गिरी

सामाजिक सञ्जालमा ईश्वरको अस्तित्वमाथि प्रश्नचिह्न खडा भएपछि आस्तिकहरूको एक बैठक बस्यो, प्रतापपुरमा । रामभक्तहरू, कृष्णभक्त, शिवभक्तहरू, सबै जम्मा भए । व्यापक छलफलपछि साधना र योगबलको आधारमा तेत्तीस कोटी देवीदेवताहरूलाई धरतीमा उतार्ने योजना बन्यो । उता भारतमा पनि यो समाचार पुग्यो, चरित्र अभिनेता परेस रावलले घोर विरोध गरे । तर उनी 'रिल लाइफ'मा सफल भए पनि 'रियल लाइफ'मा सफल हुन सकेनन् । गोदी मिडियाले गोद्यो । सरल सम्पद र रजत शर्माजस्ता स्पष्टवादी पनि डराए । यता २०९० साल भाद्र ९ गते प्रतापपुरमा चमत्कार भयो । ब्रह्मा, विष्णु, महेश नै हाजिर । "प्रभुशरणम्, हरिशरणम्, रामशरणम्, जय भोले" नारा घन्कियो । "विधाताको अदालतमा एक नास्तिक" ठूलो ब्यानर, ब्यानर बोक्ने वानरहरू, सुग्रीव, बाली, हनुमान, अंगद, मकरध्वज, साथमा "नारायण नारायण" भन्दै नारदजी पनि ।

अभियुक्त पनि ल्याइयो सुमन घिमिरेको कारमा अभियुक्त प्रोफेसर जगमोहन आजाद "मिस्टर नास्तिक सम्राट-जिन्दावाद !" समर्थकहरूको नारा, समर्थन गर्नेमा इन्द्र, कृष्ण, बलराम, मातृका, शारदाभक्त शेर खान, मायाकान्त गिरोपाध्याय अर्थात् सम्पूर्ण सूर्यमुखीहरू, गाढा राता, गौरवशाली फूलहरू, केही वकिलहरू, कमल पाठकको साथमा, नास्तिकहरूको खेमामा !

ठीक १२:०० बजे, पन्जाबी टाइममा कारबाही शुरु भयो । प्रधानन्यायाधीशको आसनमा प्रजापति विधाता आफैं । नारदले आस्तिकहरूको पक्षबाट आरोपीलाई आरोप लगाए, "हे विधाता, हे परमपिता, सम्पूर्ण भाग्यविधाता, कोटी कोटी प्रणाम ! भगवतीको भाइ, सरस्वतीको पनि प्रिय अनुज, परशुराम पुत्र, शिष्य पनि, यो पूर्व सुदामा, यो अचम्मको अवतार, स्वयम् प्रभा, स्वयम्भू, ठान्ने आफूलाई, गुरु गोविन्दहरूलाई मान्दामान्दै पनि, आफैं दशनामी भएर पनि, उग्र लालनारायणहरूको संगतमा आएर हो वा २५०० ऐरावत गजराजहरू लुटिएको तोडले हो, यो बैकुण्ठनगर निवासी, असीम सागर हृदयमा बोकेर पनि, यो प्रोफेसर जगमोहन आजाद नामको शशीमा ग्रहण लाग्यो । गालामा दाग छ, सहयात्री काग छ, वरिपरि तक्षक नाग छ, साथमा भैरवी राग छ, मनमा अनुकृत, अनुराग छ, सम्पूर्ण धरावासीहरूलाई चकित र थकित बनाउने गुरु घण्टाल, योगी दिलवरनाथ घनचक्कर, खाएर ठक्कर, नास्तिक पो भयो विधाता, यो अचम्म भो । टुप्पी छैन । जनै छैन । सीतापति भएर पनि राम भएन । नास्तिक भएर पनि वाम भएन । परिचय नै नभएको यो अपरिचित अनुहार पनि होइन, शोक छैन, अशोक हो, सन्तापको धून पनि छैन । बस्ती हो, पूर्ण हो, अझ सम्पूर्ण हो । निर्दोष जीवन हो । निर्मल, विमल, कञ्चन हो । राजेन्द्र हो, गोविन्द हो, सागर अटाउने बूँद हो । आस्तिक नबनेर कसरी नास्तिक भयो ? यो मान्छेलाई स्वयम् छन्देश्वर महादेवले अडगड यात्रा गरी, धनगढी झरी, माया गरी 'कमल-गीता' पढाए, छन्दशिखरमा चढाए, कमलपोखरीमा बोलाए, आफैं लोलाए । अनेक गरे, जिल्ल परे । स्वयम् अयोध्यापति, माया गर्ने अति, उता पण्डित ढकाल



> "एकछिन सन्नाटा । तर नास्तिक पक्षले मज्जाले ताली बजाए, प्रधानन्यायाधीश, "हे विवेकी मनुष्य, हे मनराज, तिमी पवित्र छौ । सत्य त्यही हो । तिमी अजेय हौ । हे नारद, अबदेखि लोकलाई सत्य कायाकैरन सुनाउनू । ओम फट् !" अचम्म, सबै कुराहरू लोप भए ।

मति, चिन्ता छैन एक रति ! हे विधाता, यो ब्रहिमणीपुत्र सन्यासीलाई तह लगाउन पऱ्यो । नत्र भने, नत्र भने...।"

मज्जाले रोए नारद, आस्तिकहरूको आँखा पनि रसाए । नास्तिकहरू मुस्कुराए ।

"अर्डर, अर्डर...।"

विधाता बोले, "हे नास्तिक महाराज, हे कलियुग बादशाह, हे खुद्दार मनुष्य, हे प्रोफेसर जगमोहन आजाद, कोही वकिल ? कि आफ्नो सफाइ आफैं दिने ? अरूको आस्थामा चोट पुऱ्याउने मान्छे त होइनौं तिमी, किन यता लाग्यौ ? नास्तिक हुनुको कारण ? अल्पमतमा आनन्द छ ? ईश्वरलाई नमान्ने ? हाम्रो अस्तित्व नमान्ने ? शेखर अस्तित्व र नदीनंपुत्र अस्तित्व खड्कालाई मात्र मान्ने ? लौ, नास्तिक नारायण आजाद, तिम्रो समय शुरु हुन्छ अब, बोल, मज्जाले बोल, बरु गजल र गीत पनि सुन्न मन छ । ढुक्क भएर बोल !"

विधाताको नरम शैलीले नास्तिक आजादको मनमा एउटा बिम्ब आयो । वीरेन्द्रभक्त शरणोपाध्याय लेखक, उसको आदरणीय पाठक गुरुदेव, उनले पनि शिष्ट, मिष्ट, विशिष्ट भाषामा मुर्मुरिएर सम्झाएका थिए । शैक्षिक अभियन्ता, राजनीतिमा घुमन्ता लेखक दाजु पनि हाजिर, पुलुक्क हेऱ्यो दाजी मुस्कुराए ।

"अब आज भगवानहरूले पनि जोक सुन्ने भए" अवतार ढकाल, सुमन कडरियासित ।

"यो मान्छेको कुरा मलाई मनपर्छ, लोभलालच केही छैन" शारदाभक्त प्राचार्य, रमाकान्त सापकोटासित ।

"हाँस्न पाइन्छ ?" उज्याला पर्वते ।

जुरुक्क उठ्यो प्रोफेसर जगमोहन आजाद, चारैतिर हेऱ्यो, सबैलाई शिर झुकाएर नमन गऱ्यो, आवाज, "सर्वप्रथम क्षमा याचना गर्दछु, मेरो कारणले यहाँहरूले दुःख पाउनुभयो । हे विधाता, म आज पनि यहाँहरूको अस्तित्व स्वीकार्दिनँ । यो पनि कल्पना हो । महाभारत, रामायण, सबै ग्रन्थहरू कल्पना हुन् । वास्तविक प्रतापपुरमा हामी काल्पनिक बिम्बहरू जम्मा भएका छौं । सबै कल्पना हो । धर्म पनि कल्पना हो । पाप पनि कल्पना हो । यथार्थ हो, प्रकृति र मान्छे । सबै कुरा हाम्रो मनको उपज । म स्वयम्, प्रोफेसर जगमोहन आजाद त एक काल्पनिक अस्तित्व हुँ । म छु ? छैन । म सधैं हुन्छु, हुन्न । हामीले ईश्वर बनाएर ईश्वरलाई नै उल्लू बनायौं । सत्य, तथ्य, यथार्थ सबै यही हो । प्रकृतिले मान्छे बनायो । यही मूर्ख मान्छेले प्रकृतिलाई दुःख दियो, रुवायो । मान्छेले 'पैसा र ईश्वर' सिर्जना गऱ्यो, दुःख पायो । मुद्राले मान्छेलाई मुर्दा बनायो, कसैलाई खास र कसैलाई लाश, जीवनभरी दास र उदास बनायो । हे निरीह विधाता यदि तिम्रो अस्तित्व हुने भए अकालमा १० नेपाली सन्तानको ज्यान इजरायलमा जाने थियो ? हे नक्कली प्रजापति, भगवानहरूको घरमा विवेक हुन्न ? पशुपतिनाथ कहाँ गएका थिए २०५८ साल जेठ १९ गते शुक्रबार राति ? हे नभएका अल्लाह, खुदा, गड, सम्पूर्ण काल्पनिक बिम्बहरू, के यी तथाकथित आस्तिकहरूको मनमा "ईश्वर छन् ?" भन्ने पूर्ण विश्वास छ ? म नास्तिक हुँ, मलाई जे सजाय दिए पनि हुन्छ ।"

एकछिन सन्नाटा । तर, नास्तिक पक्षले मज्जाले ताली बजाए, प्रधानन्यायाधीश, "हे विवेकी मनुष्य, हे मनराज, तिमी पवित्र छौ । सत्य त्यही हो । तिमी अजेय हौ । हे नारद, अबदेखि लोकलाई सत्य कायाकैरन सुनाउनू । ओम फट् !"

अचम्म, सबै कुराहरू लोप भए । हलमा "आजाद-जिन्दावाद !" सबैले नारा लगाए ।

कविता

## आयो रमाइलो दशैं



अच्युतमान सिंह प्रधान 'उत्सुक'

हिन्दु नेपालीहरूको महान चाड हो, दशैं ।
खुसी, हर्ष र उमङ्गको पर्व हो, दशैं ।
शरद ऋतुको आगमन लिएर आउँछ, दशैं ।
सबै नेपालीहरूको घर दैलोमा आउँछ, दशैं ।
भएका छन् खुशी सबै, महान चाड दशैंको आगमनले ।
छाएका छन् मधुर मुस्कान, सबै नेपालीको मुहारमा ।
भएका छन् चहलपहल दशैंको, गाउँ होस् या शहरमा ।
सबै व्यस्त छन्, घरआँगन सफाइ गर्न र सजाउनमा ।
भीड भाड छन्, पसल, सपिङ्ग मल आदि जहाँ तहीँ ।
सजिएका छन् शहर बजार सबै, दुलही सरी ।
भरिएका छन् बजार सबै, नयाँ-नयाँ लुगा लत्ता कपडा आदिले ।
देखिन्छन रङ्गी चङ्गी चङ्गाहरू निलो आकाशमा ।
उड्छन् चङ्गा माथि-माथि आकाशमा ।
लामो छुट्टी हुन्छ दशैंको स्कुल, कलेज सबै तिर ।
त्यस्तै बन्द रहन्छन् अफिस र कार्यालय सबै तिर ।
फर्कन्छन् आफ्नो गाउँ ठाउँ परिवारसँग मनाउन, दशैं ।
विदेशिएकाहरू पनि फर्कन्छन् खुसी बोकेर ।
दुर्गा भवानीको मन्दिर जहाँ तहीँ भिडभाड हुन्छ, दशैं भरि ।
बाँधेका हुन्छन् खसी बोका, हाँस, कुखुरा घर आँगन जताततै ।
पाक्छन् मिठो र मसिनो परिकार गक्षअनुसार भान्छामा ।
मासुका अनेक परिकार पाक्छन् घर घरमा ।
रमाइलो गरी पिङ खेल्छन् पक्षीको तालमा ।
नयाँ लुगाफाटो र कपडाले सजिन्छन् सबै ।
दशैंभरि हुन्छ पुजा, भवानी दुर्गाको ।
घर-घरमा रोपिन्छ जमरा घटस्थापनाको
दिइन्छ बलि, दुर्गा भवानीलाई अष्टमी र नवमीमा ।
मान्यजनको हातबाट थाप्छौ टिका, विजया दशमीमा ।
भगवान रामले विजय प्राप्त गरेको हो यो दिन ।
दिन्छन् आशीर्वाद रातो टिका लगाई शिरमा ।
यस्तै गरी मनाउँछौ 'दस' दस दिनमा ।
मनाऔं सबैले रिस द्वेष हटाई ।
मेल मिलाप र मातृत्वको भावना जगाई ।
महान् बनाऔं दशैंलाई खुसी साटौं टिका र जमरा लगाई ॥

## तपाईंको राशिफल

मेष : नयाँ कार्यमा सावधानी राख्नुहोला । यश बढ्नेछ ।

वृष : घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ । प्रियजनसँग भेट हुनेछ ।

मिथुन : भौतिक वस्तुमा वृद्धि हुनेछ । अर्कामाथि भरोसा नगर्नुहोला ।

कर्कट : आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

सिंह : यात्राको लागि समय उत्तम छ । मनोबल उच्च रहनेछ ।

कन्या : नयाँ अनुबन्ध प्राप्त हुनेछ । सामाजिक जीवन प्रभावशाली रहनेछ ।

तुला : आहारमा ध्यान दिनुहोला । सकारात्मक सोच राख्न आवश्यक छ ।

वृश्चिक : बाहिरी सहयोगबाट लाभ हुनेछ । शुभकार्यमा बढी खर्च हुने देखिन्छ ।

धनु : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । जनसम्पर्कमा वृद्धि हुनेछ ।

मकर : विद्यार्थीहरुको लागि राम्रो समय छ । शान्तिमा वृद्धि हुनेछ ।

कुम्भ : घर परिवारबाट अपेक्षित सहयोग प्राप्त होला । शत्रु परास्त हुनेछ ।

मीन : नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ । रोजगार प्राप्तिको योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मन र आँखा

कथा



■ शुक्रराज कुँवर

रेशम चौबीस वर्षीय युवा, आधुनिक रहनसहनमा अभ्यस्त । उ पनि २०/२२ दिनदेखि घरमै बन्धक थियो । दुई/चार दिन त अटेरी गरेर बाहिर नगएको पनि होइन तर, पुलिसको भाटा बचाएर भाग्न सफल भएको मान्छे पनि हो, त्यसैले उ घरमा बस्न बाध्य थियो । खासमा त उ मान्छे अटेरी नै हो ।

घरमा बस्दा-बस्दा उ आफूले बिताएका रमाइला क्षणहरू सम्झन पुग्छ । एक/एक गरेर 'गलफ्रेण्ड' सँग बिताएका रमाइला क्षणहरू एकपछि अर्को गर्दै उसको आँखा अगाडि झलझली नाच्न थाल्छन् । उ आफै पनि सलक्क मिलेको जीउडाल परेको कम्ता 'हेन्डसम' थिएन । त्यसैले केटीहरू उप्रति हुरुक्क हुन्थे । डेटिङ जाने नाइट क्लब धाउने, नाच्ने, गाउने डिस्को पार्टी आदि नियमित क्रियाकलाप नै थिए उसका लागि । तर, पनि यो एउटा स्वास्थ्य मनोरञ्जन मात्र थियो, त्यस्तो कुनै उच्छृङ्खल व्यभिचार केही थिएन ।

अनिश्चितकालीन लकडाउन र निषेधाज्ञाले उसको दैनिकी नराम्रो गरी बिगारेको थियो । आफ्ना सबै केटी साथीहरूसँग भिडियो च्याटमा गफिनु बाहेक अन्य कुनै उपाय थिएन । दिनहुँजसो एउटै दैनिकी एकदमै अत्यास लाग्दो थियो उसका लागि । कोही राम्रा केटी मान्छेको रूप नदेखेको पनि धेरै भइसकेको थियो । एकदिन साँझपख उ टहल्दै घरको छतमा पुग्यो, चिसो हावा सरर चलिरहेको थियो, हल्का रोमान्चित पनि भयो । यसो टहल्दै गर्दा उसको नजर पल्लो घरकी रेश्मा माथि पर्न गयो ।

रेश्मा उसको बाल्यकालदेखिकै साथी, सँगै खाँदै खेल्दै हुर्केको भन्दा पनि हुने । एकआपसमा तँ-तँ र म-म चल्थ्यो उनीहरूको बिचमा । आज केटीको खडेरी परेको बेला रेश्मामाथि उसको नजर अडियो । "आहा कति राम्री रेश्मा" उसको अनुहारमा चमक छायो र निकैबेर रेश्मालाई हेरिरह्यो मात्र तर, बोलाएन । राती सुत्ने बेलामा पनि रेश्मालाई सम्झ्यो, कल पनि गऱ्यो छिमेकी हो, सामान्य गफगाफ भयो । कति अरु केटी साथीहरुसँग मात्र गफिनु यो उसको लागि नयाँ सिलसिलाको शुरुवात थियो ।

दिनभरी घरैमा बसिरहनु पर्ने बाध्यता । उसँग समय व्यतीत गर्ने माध्यम बन्दै थिइ रेश्मा । बेला-बेला रेश्मासँग गफ गर्नु, जिस्किनु उसको दैनिकी बन्दै गइरहेको थियो र यसमा उसलाई मजा पनि आइरहेको थियो । जानेर वा नजानेर उसलाई रेश्मा मन पर्न थालेको थियो र रेश्माको आँखा छलेर पटक-पटक रेश्मालाई हेर्नु उ अभ्यस्त भइसकेको थियो । रेश्मालाई हेरिरहुँ, देखिरहुँ जस्तो लाग्थ्यो उसलाई । कता-कता माया बसे जस्तो । के यो माया हो ? आफैले आफैलाई प्रश्न गर्थ्यो । "हैट... छिमेकी पो हो त" पुनः सम्हालिन्थ्यो उ ।

उता रेश्मा पनि हेर्दा सोझी तर, मनकी बाठी थिई । रेशमले कति चोटि, उसको आँखा छलेर उसलाई हेरेको उसले 'नोटिस' नगरेकी पनि होइन । यसरी हेर्दा उसले कति पटक रेशमलाई 'ओई के हेरेको' भनेर भनेकी पनि हो । तर पनि उसलाई रेशमले त्यसरी हेरेको भित्र भित्रै मन पररिहेको थियो । यसरी रेशमले उसलाई बारम्बार हेरिरहँदा अरु बेलाभन्दा अलि बढी राम्री बन्न मन लाग्थ्यो र ऐना अगाडि बसेर अलिबढी सझधझ पनि गर्थी । यस्तो बेला रेशमले 'ओई कति राम्री भाकी'भन्दा भित्रभित्र फुरुङ्ग पर्थी ।

बेला-बेला ऐना अगाडि उभिएर एकछिन र अगाडि पछाडि ओल्टिकल्टि पर्दै आफ्नो शरीर नियाल्न थाल्थी । यस्तो त उसले कहिले गरेकी थिइन । 'साँच्चै शरीर त कसिलो सुडौल पो रहेछ' मनमनै भनी र अलिअलि आफैसँग शर्माए जस्तो पनि गरी ।

"उफ ! यो लकडाउनले ... वल्लो घर पल्लो घर 'लभ' पर्ला जस्तो पो भो त । यो के भएको, देख्न हेर्न पाउनु केही छैन, त्यहीँ एउटी रेश्मा, नजिकको देउता हेला भन्छन्, आज उहीँ प्यारी लाग्दै छ, साँच्चै रेश्मासँगै बिहे भयो भने ? छि ! पल्लो घर नै ससुराली, हा हा हा... ।" यस्तै कुरा मनमा खेलाउँदै रेशम हल्का हाँसिरहेको थियो ।

"होइन किन एक्लै हाँस्छ यो ?" आमा बोलेको सुनेर झसङ्ग भयो उ ।

"होइन, होइन केही होइन, त्यतिकै", आमालाई जवाफ फर्कायो उसले । रेश्माको पनि यस्तै हाल थियो उता । रेशमलाई सम्झिनु मुस्कुराउनु, उसकै नाममा श्रृङ्गार पटार गर्नु एउटा दैनिक 'रुटिन' जस्तै भएको थियो उसको लगि । "के यो प्यार हो ?" आफैले आफैलाई प्रश्न गर्थी ।

"छि छि छि,,, रेशमसँग बिहे भयो भने त,,, त्यहीँ तल्लो घर ससुराली", सम्झेर पनि उसलाई लाज लाग्थ्यो र भन्थी "हैट यस्तो हुँदैन ।"

तैपनि वल्लो घर पल्लो घर माया बसेको कुरामा रेशम रेश्मा दुबै अनुभूत थिए । एकअर्कालाई मन पराउन थालेका थिए तर, व्यक्त गर्न सकेका थिएनन् । दुबैको आ-आफ्नो दिनचर्या चलिरहेको थियो । एक दिन रेश्मा घरको छतमा राखिएका गमलाका फूलहरू गोडमेल गर्दै थिई । उ आफ्नो काममा आफ्नै धुनमा मस्त थिई । रेशम पनि टहल्दै आफ्नो घरको छतमा पुग्यो र उसको नजर रेश्मामा पऱ्यो । कसिलो लुगा लगाएर आफ्नो काममा मस्त रेश्मा बिछट्टै राम्री देखिएकी थिई । काममा व्यस्त हुँदाको असावधानीले होला उसको सल सर्केर पुष्ट छाती स्पष्ट देखिरहेको थियो । रेशमले एकटक लाएर आँखा झिमिक्क नगरी रेश्मालाई हेरिरह्यो । यसो गर्नु उसको आदत जस्तै भइसकेको थियो । उसले यसरी हेरिरहेको रेश्माले थाहा पाई र लजाएर सम्हालिदै भनी "ओई के हेरेको ?"

"हैन हैन तँ राम्री देखिएकी छस् अनि त्यहीँ भएर तँलाई हेरेर 'आँखाको विष' मारेको नि" ठट्यौलो पारामा जिस्किदै रेशमले भन्यो ।

प्रेमको मामलामा पुरूषको तुलनामा नारीहरु अलि बढी गम्भीर हुन्छन् । रेशमसँग प्रेमको आँकुरा झाङ्गिन खोज्दै थियो । उसको अकस्मातको यस्तो हरकतले रेश्मा लज्जित भई र धारे हात लाउँदै आक्रोश व्यक्त गरी "थुक्क.. तँलाई बजिया ।"

रेशम हाँस्दै खितखिताउँदै तल बैठक कोठा तिर गयो ।

तर, त्यहाँ अर्को अचम्म देख्नु पऱ्यो । 'कोभिड-१९'ले निम्त्याएको लकडाउनको प्रभाव सबै तप्काका व्यक्तिहरूलाई उस्तै गरी परेको रहेछ । उसको पूजनीय पिताजी समेत झ्यालबाट चियाएर तल्ला घरे आन्टीलाई हेर्दै आँखाको विष मारिरहेका थिए ।

मध्यान्ह
www.madhyanhadaily.com
२७ असोज २०८०, शनिबार
14 October 2023, Saturday

# स्वदेशी उत्पादन निर्यात नगरी मुलुकको व्यापार घाटा न्यूनीकरण हुँदैन : गृहमन्त्री

**काठमाडौं/मस –** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले स्थानीय तहमा उत्पादित स्वदेशी उत्पादन निर्यात नगरी मुलुकको व्यापारघाटा न्यूनीकरण नहुने बताएका छन्। हिमालयन इन्टरनेशनल एक्स्पो आईएनसीले शुक्रबारदेखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा शुरु गरेको 'दोस्रो हिमालयन इन्टरनेरशनल एक्स्पो-२०८०' को उद्घाटन गर्दै उनले व्यापारघाटा कम गर्न र राष्ट्रको अर्थतन्त्र समृद्ध बनाउन साना तथा घरेलु र हस्तकला उद्योगलाई प्रोत्साहन गर्नुको विकल्प नभएको बताए।

सरकारको राष्ट्रिय कार्यभार सामाजिक आर्थिक रुपान्तरण र आर्थिक समृद्धि भएको भन्दै गृहमन्त्री श्रेष्ठले देशको उत्पादनलाई निर्यात गर्न नसकेसम्म व्यापारघाटा कम गर्न नसकिने बताए। यसैगरी, सांसद वासुदेव घिमिरेले हस्तकला तथा साना उद्योगहरुलाई प्रबर्द्धन गर्नुपर्ने अहिलेको आवश्यकता




रहेको बताए। एक्स्पोका संयोजक कपिल अधिकारीले एक्स्पोमा अमेरिका, क्यानाडा, यूरोप, चीन र भारतलगायत मुलुकबाट ५०० भन्दा बढी विदेशी क्रेताको सहभागिता रहेको जानकारी दिए। नेपाली मौलिक उत्पादनको निर्यातलाई बढाई आर्थिक समृद्धि गराउने उद्देश्यले एक्स्पो आयोजना गरिएको उनले बताए। विश्वका विभिन्न देशबाट क्रेता भित्र्याउने र बढीभन्दा बढी नेपाली व्यापारीलाई विदेशी व्यापारीसँग सम्बन्ध विस्तार गराई निर्यात बढाउने लक्ष्य राखिएको पनि उनले बताए। करिब ५० हजारले एक्स्पो अवलोकन गर्ने आयोजकको अनुमान छ। एक्स्पोमार्फत् स्थानीय हस्तकला तथा साना र मझौला उद्योगका उत्पादनको प्रवर्द्धन गर्ने र यस्ता उत्पादनलाई प्रदर्शनीमार्फत् परिचित गराई विश्व बजारमा पहुँच गराएर निर्यातमा सघाउने मुख्य उद्देश्य रहेको आयोजक पक्षले जनाएको छ।

एक्स्पोमा हस्तकलाजन्य सामग्री, अल्लो, सिस्नो, केरा, बाँस, केतुकी, भूँइकटहरलगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, विभिन्न प्रदेशका मौलिक परिकार तथा अन्य सामग्री रहने छन्। एक्स्पोमा स्वदेशी तथा विदेशी गरि १०० वटा स्टल रहेका छन्। एक्स्पो आगामी असोज २९ गते सोमबारसम्म चल्ने छ।

# सिटिजन्सको ५.७९ प्रतिशत नगद लाभांश पारित



**काठमाडौं/मस –** सिटिजन्स बैंकको प्रस्तावित ५.७९ प्रतिशत नगद लाभांश पारित भएको छ। असोज २६ गते सम्पन्न बैंकको १७औं वार्षिक साधारणसभाले सञ्चालक समितिको उक्त प्रस्तावलाई पारित गरेको हो। यससँगै बैंकका शेयरधनीहरुले आर्थिक वर्ष २०७९/८० को नाफाबाट करसहित ८२ करोड २१ लाख ६१ हजार रुपैयाँ बराबरको नगद लाभांश पाउने छन्। सभाले आर्थिक वर्ष २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गरेको छ। बैंकको लेखापरीक्षकको प्रतिवेदनसहित २०८० आषाढ मसान्तको एनएफआरएस बमोजिम तयार गरिएको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका एकीकृत वित्तीय विवरणहरु सभामा छलफल भई स्वीकृत गरेको छ।

त्यस्तै, सभाले सञ्चालक समितिको सदस्यमा चार जनालाई निर्वाचित गरेको छ। सभाले प्रवलजङ्ग पाण्डे, सीता कार्की, सजन शर्मा र दिग्विजय विष्टलाई बैंकको सञ्चालकमा निर्वाचित गरेको हो। बैंकका अध्यक्ष राजनसिंह भण्डारीले शेयरधनीहरुबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारवाही सञ्चालन गर्ने र भविष्यमा बैंकले थप प्रगति हाँसिल गर्न सक्ने विश्वास सभालाई जानकारी गराए। साथै, आगामी दिनहरुमा समग्र बैंकको संस्थागत सुशासन तथा अनुपालनाको अवस्थालाई थप सवल तथा सुदृढ बनाउँदै जानेतर्फ बैंक प्रतिबद्ध रहेको अध्यक्ष भण्डारीले बताए।


## कतारमा रोजगार | कम्पनी: LIGHT CONTRACTING AND MAINTENANCE CO
शहर DOHA

पूर्व स्वीकृत मिति: २०७०/०३/२३ चलानी नं.: ६०१८२७०० L.T. No.: 266687 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० कार्तिक ४ गते (21 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Mechi International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np
Gov. Lic No. 1313/074/075


# सहकारीले कोषको दुरुपयोग गरे : महाप्रबन्धक थामसुहाङ्ग



**काठमाडौं/मस –** राष्ट्रिय सहकारी महासंघकी महाप्रबन्धक चित्रा कुमारी थामसुहाङ्गले वित्तीय सङ्कटका बीचमा पनि समुदाय र सदस्यमा केन्द्रित संस्थाहरुमा तरलता वृद्धि भएको बताएकी छिन्। सुशासन र स्वनियमनमा रहेर सञ्चालनमा भएका संस्थाहरूले सदस्यको विश्वास जितेकाले वित्तीय संकटका बिचमा पनि तरलता वृद्धि भएको उनको भनाइ छ।

राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठीमा 'सहकारीको सुशासन र स्वनियमन: प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली' विषयमा कार्यपत्र प्रस्तुत गर्दै उनले निश्चित व्यक्तिको पकडमा रहेका संस्थाहरुमा समस्या आएको जनाइन्। विशेषत: ठूला संस्थाहरुमा एकल निर्णय हाबी भएको र सदस्यलाई व्यस्तता गरी आफू अनुकूल लगानी गर्दा समस्या आएको उनको बुझाई छ। उनले थपिन्, 'देशभर कार्यक्षेत्र लिई सदस्यबाट संकलित पुँजीलाई घर जग्गा र नातेदारहरुका नाममा कम्पनी खडा गरी लगानी गर्दा अहिले समस्या आएको हो'।

बाह्य लेखा परीक्षकले औंल्याएको विषय कार्यान्वयन नहुनु र सदस्य माझमा नलैजानु नै सहकारीको मुख्य समस्या भएको बताईन्। प्राविधिक प्रतिवेदनमा उठाइएको कुराको कार्यान्वयनको सुनिश्चितता नभएसम्म सहकारीमा समस्या रहिरहने उनले बताईन। साधारणसभामा ५१ प्रतिशतको उपस्थिति प्रावधान छ। तर, त्यो मात्रै प्रभावकारी नभएको भन्दै उनले १० प्रतिशत सदस्यले व्यापक छलफल गर्न सके सञ्चालकको मनोमानी रोकिने उनको दाबी छ। नियामक निकायले अनुगमन गरी संस्था सुरक्षित हुन्छ भन्नेमा आफू आशावादी नरहेको भन्दै संस्थाहरूलाई स्वनियमनमा रहन आग्रह गरिन्।

# नेपाली बजारमा हाइयर ब्राण्डका विद्युतीय भ्यान भित्रिँदै




**काठमाडौं/मस –** शशिला मोटर्स्ले हाइयर ब्राण्डको कमर्सियल विद्युतीय गाडी नेपाल भित्र्याउने भएको छ। कमर्सियल गाडीहरूको बिक्री वितरण गर्दै आएको कम्पनीले शुक्रबार चाइनिज बस उत्पादक कम्पनी हाइगर बस कम्पनी लिमिटेडसँग सम्झौता गरेको हो। हाइयर बस कम्पनी लिमिटेडले विश्वका १ सय ३० भन्दा धेरै देशहरूमा आफ्नो उपस्थिति जनाइसकेको छ। सम्झौतासँगै शशिला मोटर्स् प्रालि हाइयर भ्यानको नेपालका लागि एकमात्र आधिकारक वितरक बनेको छ।

१६ सिट क्षमताका इभी मिनि भ्यान र मिनिवस नेपाली बजारमा सार्वजनिक गर्न लागेको छ। वातावरण मैत्री तथा ढुवानी व्यवसायका लागि ग्राहकको पहिलो रोजाइ बन्न सफल हुने शशिला मोटर्स प्रालिका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले बताए। हाइगर ईभी भ्यानले सिङ्गल चार्जमा २५० किलोमिटर रेञ्ज रहेको छ। गाडीमा ७० किलोवाट आवर क्षमताको कटिङ्ग एज प्रविधियुक्त लिथियम ब्याट्री रहेको छ। कोलिजन अभोइडेन्स् सिस्टम, लेन डिपार्चर वार्निङ्ग तथा एअर ब्याग सिस्टमहरु सहितको सुरक्षाका बिशेषताहरु रहेका छन्। यात्रुको सुविधाका लागि एअर कण्डिसन, गाडीमा २०० एमएम उचाई ग्राउण्ड क्लियरेन्स छ। गाडीले ९० किलोवाट पावर र ३५० एनएम टर्क सहित उत्कृष्ट तान्ने क्षमता छ।


## साउदीमा रोजगार | कम्पनी: AL-KHALDI LOGISTICS COMPANY
शहर: Dammam

पूर्व स्वीकृत मिति: २०८०/०२/२२ चलानी नं.: ६०२०२६२१ L.T. No.: 287233 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ARAB PROJECT CONTRACTING CO.LTD शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०६/१४ चलानी नं.: ६०२०८५४१ L.T. No.:293271 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० कार्तिक ४ गते (21 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591 9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com



## Saudi मा रोजगार | कम्पनी : KARAM ABHA TRADING CO
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८०/०६/२५ चलानी नं.: ६०२०९१०७ LT. No.:293967

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office &Facilities Cleaning Worker | 1 | 0 | | 1100 | ३८,९७३ | | | | | | | |
| 3. | Waiter | 1 | 0 | | 1200 | ४२,५१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० कार्तिक ४ गते (21 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com
Mobile No: 9851193449 | 9851017534 | 9851180954
Itahari- 9852022500 | Butwal- 9851002976 | Pokhara- 9803906755



## MALAYSIA मा रोजगार
१. कम्पनी : AR RAIYYAN SUSHI MUAR SDN BHD शहर: MUAR
पूर्व स्वीकृत मिति: २०८०/०३/१३ चलानी नं.: ६०२०३९७४ LT. No.288712 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : MEGA LABEL (MALAYSIA) SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०४/१८ चलानी नं.: ६०१८४४६९ LT. No.:268603 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : PERFECT BRAKE MANUFACTURING SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०८/०१ चलानी नं.: ६०१९१४९१ LT. No.: 275757 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 22 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : QLY TECH MOULD SDN. BHD. शहर: SELENGOR
पूर्व स्वीकृत मिति: २०७९/०४/२५ चलानी नं.: ६०१८५११८ LT. No.:269255 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० कात्तिक ४ गते (21 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Liberty H.R. Consultant Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ९२२/०६७/०६८
Baghdol-4, Lalitpur, Nepal, Tel.: 5191561 | 5191560
Email- info@libertyhrconsultant.com | Web.: www.libertyhrconsultant.com


# ग्लोबलद्वारा दशैं विशेष टिकटक प्रतियोगिता आयोजना




**काठमाडौं/मस –** ग्लोबल आइएमई बैंकले युवायुवतीमा वित्तीय साक्षरता बढाउँदै डिजिटल बैंकिङ सेवालाई प्रवर्द्धन गर्न दशैंको अवसरमा टिकटक प्रतियोगिता सञ्चालन गरेको छ। प्रतियोगितामा सहभागिता हुन बैंकको टिकटक पेजमा गई बैंकले दशैंका सामग्री समावेश गरी तयार गरेको गीतमा आफ्नो टिकटक बनाई बैंकले सार्वजनिक गरेका सर्तहरु पूरा गरी आफ्नो टिकटक पेजमा अपलोड गर्नुपर्नेछ।

प्रतियोगितामा सहभागीमध्ये धेरै लाइक आउने तीन सहभागीलाई क्रमश: प्रथम पुरस्कार ६० हजार, दोस्रो पुरस्कार ३५ हजार र तेस्रो पुरस्कार २५ हजार रुपैयाँ प्रदान गरिने बैंकले जनाएको छ। यो प्रतियोगितामा सहभागी हुन कात्तिक १२ सम्म टिकटक अपलोड गरिसक्नुपर्नेछ।


## Malaysia मा रोजगार | Local Basic Sdn. Bhd.
पुन विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०५/०९ चलानी नं.: ६०१८६१३३ LT No. 270255

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 12 | साधारण | 1500 | ४२,५२८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० कार्तिक ४ गते (21 Oct, 2023) यस प्रा. लि. को कार्यालय काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Grand Fortune Employment Services Pvt. Ltd.
Lic. No.: 1024/068/069
Kathmandu, Nepal, Phone : 01-4561568, 9808837647



## मलेसियामा रोजगार | कम्पनी: C SON OFFICE FURNITURE SDN. BHD.
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०६/११ चलानी नं.: ६०१८८४१६ LT. No.: 272747 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० कात्तिक ४ गते (21 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल.
फोन: ०१५४२०५६२ । ५४५०६३४ । ५४५५१४४ । ५४५५४८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
दोस्रो पटक प्रकाशित मिति: २०८०/०६/२७

**गोल्डेन लाइट प्रा.लि.** को मिति २०७६/०३/२१ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कालि आश्रम रिट्रिट सेन्टर प्रा.लि. (Kali Ashram Retreat Centre Pvt Ltd) (प्रा.लि. नं.: १४२००१)** कायम गर्ने गरी मिति २०७६/०४/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## मलेशियामा रोजगार
कम्पनी: ROTINAS BAKERY & CONFECIONERY SDN BHD
पुर्व स्वीकृती मिति: 2023/10/12 चलानी नं: 60209104 LT. No. 293933

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स.काममा दक्ष | 1500 | ४३,७०६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्यानकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु ७००/- कामदारले तिर्ने | रु १५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८० कार्तिक ४ गते (21th Oct. 2023) हुदैछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला । २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AAROHAN HUMAN RESOURCE PVT. LTD.
Sinamangal-09, Kathmandu, Nepal, Phone: 01-4465606
Govt. Lic. No. 1428/074/075

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२७ असोज २०८०, शनिबार
14 October 2023, Saturday

# बक्स अफिस समाचार

# ‘राज्यको नीति नेपालीभन्दा विदेशी सिनेमाको हितमा देखिन्छ’



कलिउडमा सिनेमा कम बन्न थालेपछि सुटुक्क जापान पुगेका निर्देशक शिव घिमिरे चारवर्षे जापान बसाइपश्चात स्वदेश फर्केर पुरानै कर्ममा लागिपरेका छन् । यतिबेला उनी ‘तिम्रै हुने मन छ’ सिनेमा निर्माणको गृहकार्यमा जुटेका छन् । उनी विश्वका प्रतिष्ठित ओटीटी प्लेटफर्महरुमा अब नेपाली सिनेमा रिलिज गर्ने कार्यमा पनि सक्रिय रुपले लागिपरिरहेका छन् । डिजिटल रिलिज अमेरिकन कम्पनी ‘रिलिज वर्ल्ड’ले एसियाका सिनेमाहरु ओटीटीमा रिलिज गर्ने बाटो खुला गरेसँगै अबदेखि यो कम्पनीले नेटफ्लिक्स, वूट, जी फाइभलगायतका प्रमुख ओटीटी प्लेटफर्महरुमा नेपाली सिनेमा रिलिज गराउने भएको छ । एसिया हेर्ने कार्यालय भारतस्थित मुम्बईमा रहेको यो कम्पनिको तर्फबाट नमस्ते नेपाल इन्टरटेन्मेन्टले नेपाली सिनेमालाई उक्त प्लेटफर्ममा रिलिज गराउने आधिकारिकता लिएको छ । नमस्ते कम्पनीका प्रमुख तथा सिनेमा निर्देशक शिव घिमिरेले हलिउड र बलिउड जस्तै ओटीटीको माध्यमबाट नेपाली सिनेमाहरुलाई विश्वभर पुर्‍याउनका लागि ‘रिलिज वर्ल्ड’बाट आधिकारिकता लिएको छ । यो सिस्टमबाट नेपाली सिनेमाको लागि विश्वबजारमा पुग्ने उचित मध्यम बन्न सक्छ भन्ने निर्देशक शीव घिमिरेले दर्जन बढी म्युजिक भिडियो र छल, कस्तो टेन्सन, साइकल, खेतला, सुपारी आदि सिनेमाको निर्देशन गरिसकेका छन् । नेपाली सिनेमामा नौलो पनको खोजीमा जोड दिने निर्देशक **शिव घिमिरे**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**फुर्सदमै हुनुहुन्छ कि नयाँ केही गर्दै हुनुहुन्छ ?**

हिजो आज दशैंसँगै नयँ फिल्म निर्माणको गृहकार्यमा लागेको छु ।

**नेपाली चलचित्रको स्तारोन्नतिका लागि निर्देशकको दायित्व कस्तो हुनुपर्छ ?**

निर्देशक त्यस्तो व्यक्ति हो, सिनेमा कस्तो बनाउने सब निर्देशकको निर्णय हो । स्टोरी छनोटदेखि कलाकारसम्म निर्देशकको आफ्नो अधिकारभित्र पर्दछ । अधिकांश निर्माताले सिनेमा बुझिसकेकाले निर्देशकलाई सिनेमा कस्तो बनाउने भनेर जिम्मा दिन्छन्, निर्धक्कसँग सिनेमा बनाउन भन्छन् । यस्तो अवस्थामा एउटा निर्देशकले राम्रो काम पनि गर्न सक्छ । निर्देशक आफ्नो सिनेमा राम्रो बाउन सधैं अग्रसर रहन्छ ।

**मनोरञ्जन पनि हुने, लगानी पनि नडुब्ने, सामाजिक दायित्वको निर्वाह पनि हुनको लागि कस्तो विषयवस्तु उठान गर्नुपर्ला ?**

हामीले इतिहास र समाजिक परिवर्तनका कथालाई बढी महत्व दिनुपर्छ । सिनेमा हेर्ने दर्शकले मनोरञ्जनसँगै ज्ञान, शिक्षा प्राप्त गर्ने खालको बनाउनुपर्छ । साथसाथै दर्शकलाई इतिहास र वर्तमान अवस्थालाई चित्रण गर्ने खालका बनाउनुपर्छ । कति इतिहास हामीले नदेखेका तर सत्य घटनासँग नजिक हुन्छन् । तिनलाई अध्ययन गरी चलचित्र निर्माण गर्दा पछिसम्म सम्झना रहने छ । अर्को कुरा हामीले अहिलेको समाजमा आयातित संस्कारलाई अंगाली रहेका छौं । राजनीतिले आपसमा मिलेर बसेको समाजलाई जातमा आधारित र धर्ममा आधारित द्वन्द्वलाई बढाउने कार्य गरेको देखिन्छ । यस्ता राजनीतिक विकृतिविरुद्ध चलचित्रबाट नै चेतना जगाउने र भड्किन लागेको राजनीतिक द्वन्द्वलाई मत्थर बनाउने कार्य सिनेमाबाट देखाउन सक्नुपर्छ ।

**वर्तमान नेपाली चलचित्रको अवस्था, भविष्य र चलचित्रकर्मीको जीवनस्तरलाई माथि उठाउन उचित पहल कदमी के हुन सक्छ ?**

सिनेमा क्षेत्रमा यतिबेला खराब समय चलेको छ । नेपालमा हाम्रो राज्यको प्रोत्साहन नीति नेपालीभन्दा पनि विदेशी सिनेमामा देखिन्छ । नेपाली सिनेमाको निर्माण समयदेखि प्रदर्शन समयसम्म राज्यले काममा अंकुश लगाउँछ । सिनेमाले विकृति देखाउँछ र अन्त्य गर्छ, त्यही अनुसार कथा बन्छ । यहाँ हरेक संस्थाले आफ्नो र आफूले गरेको विकृतिलाई ढाकछोप गर्न विभिन्न नियम बनाउँछन्, जसले गर्दा निकायमा धाउनुपर्ने बाध्यता रहन्छ भने नेपाली चलचित्रलाई विश्वभरमा देखाउनका लागि हिजोआज विश्व बजारमा उपस्थित भएको डिजिटल माध्यमलाई आत्मसात गर्नै पर्छ । त्यसका साथै मैले पनि ‘रिलिज वर्ल्ड’मार्फत नेपाली चलचित्रलाई विश्व बजारमा पुर्‍याउन मद्दत गर्दछ भन्ने आशा लिएको छु । साथै यो प्रयास सफल भएमा आजका नेपाली सिनेमाले ५० प्रतिशत बढी व्यापार गर्ने र देशमा विदेशी मुद्रा पनि भित्रिने छ । नेपाली सिनेमाले देशको अर्थतन्त्रमा देखिने गरी योगदान दिनेमा विश्वास लिएको छु । जसले गर्दा आफ्नो घरखेत बेचेर निर्माण गरेका सिनेमा निर्मातालाई सिनेमा बनाउन प्रोत्साहन मिल्नेछ । जसले गर्दा प्राविधिक, कलाकारको रोजगारी बढ्ने छ । नेपालमा भएको ठूला कर्पोरेट लगानीकर्ताको आकर्षण बढ्ने छ ।

**तपाईंले काम गर्दा निर्माताको लगानी सुरक्षित हुनुपर्ने कुरामा कत्तिको ध्यान दिनुहुन्छ र दिनुपर्छ ?**

मैले काम गर्दा यो परिस्थिति आउँछ भन्ने कुराको पहिला नै जानकारी दिने गरेकाले होला मसँग काम गरेका निर्माता दोहोर्‍याएर फेरि पनि मसँग काम गर्छन् ।

**मनोरञ्जन र चेतना अभिवृद्धिको एउटा सवल र प्रभावकारी माध्यमको रुपमा चलचित्रलाई लिइन्छ, यसो हुनुको कारण ?**

चलचित्र प्रेमीहरुले आफ्नो आइडलको रुपमा कलाकारलाई हेर्ने गर्छन् । जसले गर्दा एउटा कलाकारको भूमिकाले सकारात्मक विचार अभिनयमार्फत देखाउँछन् र समाजमा राम्रो नराम्रो पक्ष पनि छुट्याइदिन्छन् । दर्शकलाई मनोरञ्जनसँगै ज्ञान चेतनामा वृद्धि गराउँछ । सिनेमा भनेको एउटा ऐना हो, यसले झलक देखाउँछ र मानिसलाई गल्ती सच्याउने बाटो पनि देखाउँछ । त्यस अनुरुपको चलचित्र बनाउनु उपयुक्त हुन्छ ।

**चलचित्र निर्देशकको छाता संस्था नेपाल चलचित्र निर्देशक समाजले पेशागत हकहितका लागि हासिल गरेको आजसम्मको उपलब्धि र तपाईंको मनमा खड्केको विचार व्यक्त गर्नुहुन्छ कि ?**

निर्देशक समाजले आफ्नो उद्देश्यबमोजिमका कार्य गर्न नसकेको नै हो । समाजले गर्नुपर्ने धेरै काम छन् । तर समाजभित्र राजनीति भित्रिएको छ । समाजले आफ्नो उत्तरदायित्व पूरा गर्नुपर्छ । निर्देशकहरुको हकहितको लागि कार्य गरेको देखिएको छैन । सायद सदस्यहरु नै समाजप्रति उत्तरदायी नभएको जस्तो देखिन्छ । समाजको पेजमा जन्मदिनको शुभकामना बाहेक अन्य कार्य गरेको देखिएन ।

**सीमित व्यक्ति र सीमितताामा विदेशी भूमिमा गरिने अवार्ड कार्यक्रमले नेपाली कलाको गरिमा घट्यो भन्छन् नि ?**

विदेशमा गरिने अवार्ड कार्यक्रम राम्रो हो, जसले नेपाली संस्कृति, कला विश्वभर चिनाउनु नै हो र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली सिनेमाको प्रचार गर्नु पनि हो । तर केही विकृति बढेको पनि देखिन्छ । सिनेकर्मीभन्दा गैर सिनेकर्मीले अवार्डको नाममा गरिने मानव तस्करी बढेको देखिन्छ । मानव तस्करी गर्दा सिनेकर्मीलाई विदेशी नियोगहरुले असोभनीय व्यवहार गर्नु जस्ता कार्य भएको देखिन्छ । अवार्डलाई पनि केही आयोजकले विदेश घुमाउने भनि सहयोग माग्ने आर्थिकरुपमा वितरण गर्ने कार्यले गर्दा अवार्डले विकृति भित्र्याएको छ । सबै निकाय सचेत नभए हामीले भोलिको दिनमा विदेशमा गरिने सांस्कृतिक आदन प्रदान पनि रोकिन सक्छ ।

**लामो समय जापान बस्नुभयो, त्यहाँ हुने कला या फिल्मी गतिविधिलाई कुन रुपमा बुझ्नु भयो ?**

सिनेमा क्षेत्र यस्तो क्षेत्र हो, सबैले चाहेर पनि यो क्षेत्रमा लाग्न सन्दैनन् । विदेशमा सिनेमा राष्ट्रको हुन्छ उसको कलाकारले देशको प्रतिनिधित्व गर्छ र कलाकारलाई देशले प्रोत्साहन गर्छ । त्यहाँ कलाको सम्मान हुन्छ । कालाकार राष्ट्रका हुन्छन् । सिनेमा व्यवसाय उद्योगको रुपमा हेरिन्छ । नेपालमा मनोरञ्जनको रुपमा लिइन्छ, त्यहाँ सिनेमाको मूल्यांकन हुन्छ र निर्मातालाई सिनेमा बनाउन प्रोत्साहन गरिन्छ ।

**चलचित्र निर्माणमा अत्याधुनिक क्यामरा र क्रेनदेखि ड्रोनका साथ भिएफएक्स, कलर ग्रेडिङजस्ता विकसित प्रविधि भित्रिएसँगै निर्देशक र कथाकारले कल्पना गरेजस्तै चलचित्रलाई पर्दामा उतार्न कत्तिको सम्भव छ ?**

अहिलेको प्रविधिले सिनेमा निर्माणलाई सजिलो बनाइदिएको छ । जसको कारणले हामीले कल्पना गरेको आधारमा सिनेमा बनाउन सक्छौं र समय पनि बचत हुन्छ । जस्तै ‘अवतार’ जस्ता सिनेमा ।

**विदेशमा नेपाली चलचित्र प्रदर्शन हुनु राम्रो कुरा हो, तर होटल, रेष्टुरेण्टमा सीमित नेपाली दर्शक माझ हुने प्रदर्शनलाई बृहत् रुप दिन के गर्नुपर्ला ?**

नेपाली दर्शकमाझ पुर्‍याउनु पर्छ । तर अहिलेको अवस्थामा नेपाली सिनेमा हेर्ने दर्शक देशको परिस्थितिले विदेशिन बाध्य भएकाले नेपाली सिनेमालाई विभिन्न देशमा सार्वजनिक हलहरुमा प्रदर्शन गर्ने राज्यबाट नै पहल गर्नुपर्छ । उदाहरणका लागि बलिउडको सिनेमाको लागि नेपाली बजार सानो हो तर कुनै समस्या आएमा भारतका राजदूत नै अग्रसर हुन्छन् सिनेमा प्रदर्शन गर्न । तर नेपालको कूटनीतिज्ञ सानो कुरा भन्दै अगाडि बढाउन चाहँदैनन् । जसले राष्ट्रको प्रतिनिधि संस्था नै सोच्दैन भने त्यो देशमा नेपाली सिनेमा अघि बढ्दैन ।

**तपाईंको भावी योजना ?**


मैले नेपाली सिनेमालाई डिजिटल माध्यमबाट विश्वभर छरिएर बसेका नेपाली जनतालाई आ-आफ्नो हातमा रहेको ग्याजेटबाट विभिन्न भाषाको सबटाइटलमार्फत पुर्‍याउने लक्ष्य लिएको छु । यदि पूरा भएमा नेपाल सरकारको ध्यान नेपाली सिनेमामा ल्याउन सक्नेछु । सञ्चार मन्त्रालयले बोर्डको अध्यक्ष कसलाई बनाउने भन्ने समयमा मात्र सिनेमा उद्योग पनि हाम्रो मन्त्रालय अन्तर्गत पर्छ भन्ने सोच हटाउनु पर्छ । र, परराष्ट्र मन्त्रालयले आर्जित विदेशी मुद्रा देखेर आफ्नो विदेशी निकायलाई नेपाली सिनेमालाई दीर्घकालिन सोचसहित विदेशमा प्रदर्शन गर्ने वातावरण मिलाउन निर्देशन दिनुपर्छ, जसले भविश्यमा नेपाली सिनेमाको बजार विश्वभर फैलिन मद्दत पुग्छ ।


## तीन नेपाली चलचित्र प्रदर्शनमा

**काठमाडौं/मस–** शुक्रबारदेखि तीन नेपाली चलचित्र प्रदर्शनमा आएको छ । फरक परिवेश र विषयवस्तु समेटिएको ती चलचित्रले दर्शकलाई आकर्षित गर्ने विश्वास निर्माण पक्षको छ । ‘परदेशी २’, ‘बासेन्जी’ र ‘कौसीद’का लक्षित दर्शकसमेत फरक रहेको निर्माण पक्षको भनाइ छ ।

‘गोर्खा पल्टन’ र ‘परदेशी’जस्ता सफल चलचित्रको निर्देशन गरिसकेका निर्देशक नारायण रायमाझीले निर्देशन गरेको तेस्रो चलचित्र ‘परदेशी-२’ हो । अध्ययनका लागि विदेशिएका युवाको संघर्ष र त्यसबाट सिर्जित पारिवारिक एवं सामाजिक संवेदनालाई आधार बनाएर तयार गरिएको चलचित्रले गाउँ र समाजकै कथा व्यक्त गर्ने उनले जानकारी दिए ।

निर्देशक रायमाझीले भने, ‘हामीले आफ्नै परिवेश र संस्कृतिलाई पर्दामा ल्याउनुपर्छ । आफ्ना कथा विश्वलाई देखाउनुपर्छ । मेरा चलचित्रले हाम्रै परिवेशको कथा व्यक्त गरिरहेका हुन्छन् ।’









राजेश वंशलले निर्माण गरेको उक्त चलचित्रमा प्रकाश सपूत, वर्षा सिवाकोटी, केकी अधिकारी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, सविन बाँस्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायत कलाकारले अभिनय गरेका छन् ।

शुक्रबार देखि नै प्रदर्शनमा आएको चलचित्र ‘कौसीद’मा इमान्दार शिक्षकले भोगेका पीडा देखाइएको निर्देशक कुमार भाष्करले जानकारी दिए । उनले भने, ‘मैले एउटा इमान्दार शिक्षकले के-कस्ता समस्याबाट आफूलाई अगाडि बढाउन बाध्य हुन्छ भन्ने देखाएको छु । मैले चलचित्रमा उठाएको विषय केही अगाडि सडकमा समेत देखियो ।’

चलचित्रमा अभिनेता भोलाराज सापकोटा, अभिनेत्री ऋचा शर्मा, रुपेश दाहाल, परीक्षित विक्रम राणा, सदिच्छा गौतम, निर्भिक भट्टराई, सागर भट्टराई, सन्दीप लोहनीलगायत कलाकारले अभिनय गरेका छन् ।

शुक्रबार देखि नै प्रदर्शनमा आएको तेस्रो चलचित्र ‘बासेन्जी’ अमेरिकी निर्देशक इयान स्कट क्लेमेन्टले निर्देशन गरेका हुन् । एक युवाको मनोविज्ञानमा आधारित चलचित्रमा अशिम निरौला, सरिता गिरी, राज शर्मा, मिथिला शर्मा, अंकित खड्का, प्रतीक दुलाल, निरु खड्कालगायत कलाकारले अभिनय गरेका छन् ।

## तीन साहित्यकारका तीन पुस्तक लोकार्पण

**काठमाडौं/मस–** तीन साहित्यकारद्वारा लिखित तीन पुस्तक लोकार्पण भएको छ । लेखक जीतेन्द्र रसिदको ‘सत्यको खोज’, आर. मानन्धरको ‘कवि-कविताको छवि दुर्गालाल श्रेष्ठ’, कमलप्रसाद मल्लको ‘क्लासिकल नेवार लिट्रेचर’ नामक कृतिआज एकसाथ लोकार्पण गरिएको हो । एजुकेसन बुक्स हाउसद्वारा आयोजित ‘पुस्तक लोकार्पण कार्यक्रममा’ जनकवि साहित्यकार दुर्गालाल श्रेष्ठले ‘सत्यको खोज’,‘कवि-कविताको छवि दुर्गालाल श्रेष्ठ’ नामक पुस्तक लोकार्पण गरेका थिए भने क्लासिकल नेवार लिट्रेचर साहित्यकार अभि सुवेदीले लोकार्पण गरेका थिए । कार्यक्रममा ‘सत्यको खोज’का लेखक जीतेन्द्र रसिकले वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको दस्तावेजलाई कृतिबाट बाहिर ल्याउने कोसिस गरिएको बताए । बाल्यकाल, शैक्षिक यात्रा, लोकसाहित्यको पुनःस्थापनामा पुर्‍याएको योगदानलगायतका यावत विषयवस्तुलाई समेटी जीवनीका रुपमा पुस्तक तयार पारेको उनले बताए ।

समीक्षक गोपीकृष्ण ढुंगानाले लेखक रसिकको ‘सत्यको खोजी’ माथि प्रकाश पार्दै सत्यमोहन जोशीका विभिन्न आयामलाई समेटी गरिएका अन्तरवार्तालाई लेखकले कृतिमा प्रस्तुत गरेको बताए । जिउँदो इतिहासलाई लेखकले लिपिबद्ध गरेको उनको भनाइ छ । ‘कवि-कविताको छवि दुर्गालाल श्रेष्ठ’माथि समीक्षा गर्दै सूर्यश किरणले नेपालमा शुरु भएको भाषिक आन्दोलन, जनजाति आन्दोलनमा, तत्कालीन काठमाडौंको इतिहासलगायतका विषयवस्तु लेखकले कृतिमा समावेश गरेको बताए ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

स्तनपान: बालबालिकालाई वरदान
आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,
- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।
*त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।*
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**